अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४१ / अंक : २१ / २०८० पुस २० गते शुक्रबार / नेपाल सम्वत ११४४ / Jan. 5, 2024 / मूल्य रू. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

मन्त्री ज्वालाको राजिनामा कि बर्खास्त ?

काठमाडौ । प्रधानमन्त्री पुष्पकमल दाहालले पुस १३ गते ललितपुरको बालकुमारीमा भएको हत्या प्रकरण लोकतन्त्र र गणतन्त्र विरूद्धको डिजाइन हुनसक्ने अभिव्यक्ति दिएर उक्त प्रकरणलाई अर्कोतिर मोड्ने प्रयास गरिरहेकै बेला प्रतिनिधिसभाको राज्य व्यवस्था समितिले २ जना युवकको ज्यानै जानेगरी भएको बालकुमारी घटना क्रममा श्रम तथा रोजगार तथा सामाजिक सुरक्षा र भौतिक पूर्वाधार तथा यातायात मन्त्री क्रमश शरतसिंह भण्डारी र प्रकाश ज्वाला माथि छानविन गर्न निर्देशन दिएको छ । राज्य व्यवस्था तथा सुशासन समितिको सोमबार (पुस १६) गते बसेको बैठकमा सांसदहरूले श्रम तथा रोजगार मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको असावधानिले गर्दा घटना भएको प्रश्न उठाएपछि समितिले छानविन गर्न निर्देशन दिएको हो ।

>>> बाँकी ८ पेजमा

बालकुमारी घटना सामान्य होइन

काठमाडौ । गत पुस १३ गते बालकुमारी घटनामा जुन अप्रिय घटना घट्यो त्यसको जिम्मेवारी भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले समेत लिँदै पदबाट राजिनामा दिनुपर्दछ । इपीएस कार्यालय अगाडि त्यस दिनमात्र युवाहरूले अचानक विरोध प्रदर्शन गरेका होइनन् । निकै अगाडि देखि नै उनीहरूले विरोध प्रदर्शन गर्दै आएका थिए सो कुराको जानकारी सरकारलाई हुँदाहुँदै त्यही बाटो भएर मन्त्री किन आए ? त्यसको जवाफ जनतालाई चित्त बुझ्दो गरी मन्त्री ज्वालाले दिनुपर्दछ ।

युवाहरूले विरोध प्रर्दशन गरिरहेको बेला मन्त्री ज्वाला सवार गाडी आएपछि युवाहरूले मन्त्री ज्वालालाई गाडीबाट निकालेका होइन उनी आफैँ गाडीबाट बाहिर निस्किएका थिए त्यसपछि मात्र विरोध प्रदर्शनमा उत्रिएका युवाहरूले गाडीमा आगो लगाएका थिए । युवाहरूले गाडीमा आगो लगाएपछि प्रहरीले पानीको फोहोरा, सामान्य लाठी

>>> बाँकी ८ पेजमा

सत्ताको बन्धक बन्दै कांग्रेस

काठमाडौ । सत्ता गठबन्धनमा रहेको पुष्पकमल दाहाल नेतृत्वको सरकारमा महत्वपूर्ण मन्त्रालय लिएर बसेका नेपाली कांग्रेसले सरकारको काम कारबाहीप्रति ठुलो असन्तुष्टि जनाएको भएपनि पार्टी सभापति शेरबहादुर देउवा भने मौन रहेका छन् । पुस १२, १३ र १४ गते बसेको कांग्रेसको केन्द्रीय समितिको बैठकमा कांग्रेसका संस्थापन पक्षका नेताहरूले सरकारको बचाऊ गरेका थिए भने संस्थापन इतर पक्षका नेताहरूले सरकारको कडा आलोचना गरेका थिए ।

सरकारमा सहभागि भएका मन्त्रीहरूले आफूहरूले राम्रो काम गरेको भन्दै आफूहरूले गरेका कामको जानकारी बैठकमा गराएका थिए । कांग्रेसका केन्द्रीय समितिका सदस्यहरूले सरकारको आलोचना गरेका

>>> बाँकी ८ पेजमा

गणतन्त्रलाई देखाएर जनता मार्न पाइँदैन

गृहमन्त्री र प्रहरी महानिरीक्षकलाई पनि कारबाही गर्ने कि ?

काठमाडौ । पुस १३ गते ललितपुरको बालकुमारीमा भएको जघन्य अपराधमा संलग्न भएको पुष्पकमल दाहाल नेतृत्वको सरकारले आफ्नो गल्ती ढाकछोप गर्न प्रधानमन्त्री दाहाल नै लागि परेका छन् । गृहमन्त्री र प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले २ युवाको ज्यान जाने गरी भएको घटनामा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला कै कारण भएको संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितलाई पुस १६ गते जानकारी दिएका थिए । कोरियामा रोजगारीमा जान पाउनुपर्ने माग गर्दै प्रर्दशनकारी युवाहरूले उत्पादन क्षेत्र बाहेकको अन्य क्षेत्रमा समेत आफूहरूलाई भाषा परिक्षा दिनुपर्ने माग गर्दै इपीएस कार्यालय अगाडि पुस ११ गतेदेखि नै विरोध प्रदर्शन गर्दै आएका थिए ।

पाटन उच्च अदालतले उत्पादन क्षेत्रमा भाषा परीक्षा दिएका १८ जना परिक्षार्थीलाई अन्य क्षेत्रको भाषा परीक्षामा समेत सामेल गराउन आदेश दिएको थियो । ती १८ जनाले उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेका थिए । त्यही कारण अदालतले

परीक्षामा सामेल गराउन आदेश दिएको थियो । त्यही आदेशलाई मध्यनजर गरेर इपीएस कार्यालयले सबैलाई भाषा परीषामा सामेल गराएको भए सो घटना नै हुने थिएन तर प्रधानमन्त्रीले भने सो घटना गणतन्त्र विरूद्धकै भएको बताएका हुनलो प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी महानिरीक्षकबीचमै कुरा बाझिएको छ ।

>>> बाँकी ८ पेजमा

मन्त्री ज्वालाकै कारण २ युवकको हत्या

काठमाडौ । पुस १३ गते ललितपुरको बालकुमारीमा भएको घटना प्रकरणमा सरकारी पक्षका उच्च तहका पदाधिकारीहरूको भनाई फरक फरक रहेकाले गर्दा सरकार त्यो हत्या प्रकरणलाई जसरी भएपनि सामसूम पार्न चाहन्छ भन्ने प्रष्ट भएको छ । सो काण्डका विषयमा संसदीय समिति राज्य व्यवस्था समितिमा सांसदहरूको प्रश्नको उत्तर दिँदै गृहमन्त्री नारायणकाजीले भने भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला त्यहाँ नपुगेका भए त्यो घटना नै हुने थिएन र मन्त्रीको सो भनाईलाई नेपाल प्रहरीका महानिरीक्षक बसन्त कुँवरले समेत समर्थन गर्दै मन्त्री त्यहाँ जानु नै गलत भएको समितिलाई प्रष्टिकरण दिएका थिए । राज्य व्यवस्था समितिले पुस १६ गते गृहमन्त्री सहित नेपाल प्रहरीका महानिरीक्षकलाई समितिमै बोलाएर प्रष्टीकरण लिएको थियो ।

घटना भएको दिन मन्त्री ज्वाला किन त्यही बाटो त्यहाँ पुगे ? मन्त्री ज्वालाका पिएसओले त्यहाँ विरोध प्रदर्शन भईरहेको छ भन्दा पनि मन्त्री ज्वालाले किन अर्कोबाटो जान अस्वीकार गरे ? मन्त्री ज्वालाले आफूँ आफ्नो पार्टीको बैठकमा भाग लिन बालकुमारीमा रहेको एक पार्टी प्यालेसमा जान लागेको त्यसबेला बताएका थिए तर गृहमन्त्री र महानिरीक्षक कुँवरले भने उनी बैठकबाट बाहिर निस्केका थिए । १२ बजे मात्र मन्त्री चढेको गाडीमा प्रदर्शनकारीहरूले

>>> बाँकी ८ पेजमा

सुशासनको नारा बन्दुकको गोलीमा

काठमाडौ । पुष्पकमल दाहालले ऐतिहासिक अवसर पाएपनि उनी पटक पटक चुकेकाले राजनीतिक नेतृत्वप्रति समाज नकारात्मक बन्दै गएको छ । अरूलाई दोष थुपारेर आफू पानीमाथिको ओभानु बन्ने पुष्पकमल दाहालको प्रवृत्ति आफैँमा हानिकारक रहेको छ । आफूले सत्ता सम्हालेको एक वर्ष पुगेको दिन पुस १० गते उनले राष्ट्रको नामा दिएको सन्देश तीन दिन पनि टिकेन । प्रधानमन्त्री दाहालले अब आफूँ अति आवश्यक बाहेक सभा समारोहमा नजाने प्रतिवद्धता जनाएका भएपनि उनले आफूले आफ्नो पार्टीको वडास्तरीय कार्यक्रममा गोरखामा सहभागि भएका प्रधानमन्त्री दाहाल हेलिकप्टर सहित आफ्नी नातिनीको घर हेर्न पुगे । त्यहाँ उनले नातिनी नातिनी ज्वाई, सम्धी सम्धिनी सहित फोटोसेसन गरे । उनलाई लाग्दो

हो त्यही हो व्यवहार बदलेको ।

आफ्नो कार्यकालको दोस्रो वर्षको ४/५ दिनभित्र २ युवाले अनाहकमा ज्यान गुमाउनु पऱ्यो । प्रधानमन्त्रीले घटना घट्ने वित्तिकै समस्या समाधानको प्रयास गरेको जस्तो देखिएपनि त्यो प्रयास टालटुले मात्र थियो । त्यो प्रयासले समस्याको समाधान हुने उनले आशा गरेका भएपनि त्यो निरर्थक रह्यो । मृतकका परिवारलाई १०/१० लखा क्षतिपूर्ति दिने निर्णय उनले गरेका थिए । तर त्यतिले युवावर्गको आक्रोश शान्त भएन र मृतकका परिवारले समेत

>>> बाँकी ८ पेजमा

प्रधानमन्त्री दाहाल नै झुठको खेतीमा

काठमाडौ । प्रधानमन्त्री पुष्पकमल दाहालले पुस १३ गते ललितपुरको बालकुमारीमा भएको घटना बाहिर देखिएजस्तो नभएको बताएर आफ्नो असफलता र अकर्मण्यतालाई लुकाउने प्रसास गरिरहेको छन् । प्रधानमन्त्रीले जनतामा निराशा बाँड्नेहरू राष्ट्रवादी हुन नसक्ने समेत बताएका छन् । प्रधानमन्त्रीको उक्त अभिव्यक्ति राजधानीमा आयोजित एक कार्यक्रममा सम्बोधन गर्दै त्यस्तो बताएका हुन् । पुष्पकमल दाहाल नेतृत्वको सरकारको एक वर्षे कार्यकाल जनताका लागि निराशाजनक रहेको र उनैले जनतालाई आश्वासनका पोकाहरू बाँडेका र ती आश्वासनहरू पूरा नगरेको हुनाले उनैको शब्दमा उनी राष्ट्रवादी हुन नसकेको प्रष्ट भएको छ ।

पुस १३ गते ललितपुरको बालकुमारीमा भएको २ जना युवकको हत्यामा प्रधानमन्त्रीलाई केही चिज गम्भीर लागेको छ रे ? यो सामान्य छैन रे ? २ युवकको जस्तो परिवेशनमा हत्या गरिएको छ, इपीएसमा जेजस्ता गतिविधि छन् गाडी जलाउने गतिविधि छ, चीज त्यस्तो छैन जस्तो देखिएको बताउँदै प्रधानमन्त्रीले घटनालाई अर्कोतिर मोड्ने प्रयास गरिरहेका छन् ।

पुस १६ गते संघीय संसदको राज्य व्यवस्था समितिमा उपस्थित भएका गृहमन्त्री नारायणकाजी श्रेष्टले भौतिक पूर्वाधार तथा यातयात मन्त्री प्रकाश ज्वाला त्यहाँ नपुगेका भए त्यस्तो घटना नै नघट्ने थियो भन्ने

>>> बाँकी ८ पेजमा

गठबन्धनले एमालेलाई राष्ट्रियसभामा देला त भागवण्डा ?

काठमाडौँ । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले राष्ट्रियसभाको माघ ११ गते हुने निर्वाचनमा ६ सिट मागेको छ । बिहीबार बिहान बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा एमालेले ६ सिट मागेको प्रधानमन्त्री प्रचण्डले ब्रिफिङ गरेका हुन् ।

'एमालेले राष्ट्रियसभाका ६ सिट मागेको छ । शान्ति प्रक्रिया टुंग्याउन एमालेलाई पनि सहमतिमै लिएर जाउ भन्ने मेरो प्रयास हो, के गर्न सकिन्छ ?', गठबन्धनको बैठकमा माओवादी अध्यक्ष समेत रहेका प्रचण्डले भनेका थिए ।

तर गठबन्धनमा रहेका अन्य दलले एमालेले पहिला पनि संसदीय समितिमा आफुले भाग पाए टीआरसी विधेयक अघि

>>> बाँकी ८ पेजमा

हिन्दू राष्ट्रको कानूनी अभिव्यक्ति

दिपक चहल

समान नागरिक संहिता (यूसीसी) भारतको लागि प्रस्तावित साझा कानून हो जुन विवाह, सम्बन्धविच्छेद, उत्तराधिकार र धर्मपुत्र ग्रहण जस्ता मामिलामा सबै धार्मिक समुदायहरूमा लागू हुन्छ । यो मुद्दा एक शताब्दीभन्दा लामो समयदेखि राजनीतिक कथन र बहसको केन्द्रमा रहेको छ र संसदमा कानून बनाउन दबाब दिइरहेको भारतीय जनता पार्टी (भाजपा) को प्राथमिकता एजेन्डा रहेको छ । भगवा पार्टीले सत्तामा आएमा यूसीसी कार्यान्वयन गर्ने वाचा गर्ने पहिलो थियो र यो मुद्दा यसको २०१९ लोकसभा चुनाव घोषणापत्रको हिस्सा थियो । जब बीजेएस गठन भयो, १९५१ मा, श्यामाप्रसाद मुखर्जीले समान नागरिक संहिता लागू गर्ने र निर्देशक सिद्धान्तहरूबाट लागू हुने सार्वजनिक कानूनहरूमा परिवर्तन गर्ने शपथ लिए जुन मस्यौदा धारा ३५ (धारा ४४, भारतीय संविधान १९५०) अन्तर्गत पहिले नै अवस्थित थियो ।

हालैका दशकहरूमा, संघ परिवार, वामपन्थी दलहरू र नारीवादीहरूले समय-समयमा यूसीसी मुद्दा उठाएका छन् । सत्तामा निर्वाचित भएमा यूसीसी वाचा गर्ने भाजपा पहिलो पार्टी थियो । राष्ट्रले यसलाई स्वीकार गर्न तयार हुँदा पूरा हुने र यूसीसीलाई सामाजिक स्वीकृति दिन सक्ने पक्षको रूपमा यसलाई संविधानमा समावेश गरिएको थियो । यूसीसी को उत्पत्ति औपनिवेशिक भारतको हो जब ब्रिटिश सरकारले १८३५ मा आफ्नो प्रतिवेदन पेश गऱ्यो, अपराध, प्रमाण र सम्झौताहरू सम्बन्धी भारतीय कानूनको संहितामा एकरूपताको आवश्यकतालाई जोड दिँदै, विशेष गरी हिन्दू र मुस्लिमहरूको व्यक्तिगत कानूनलाई बाहिर राख्न सिफारिस गर्दै । यस्तो संहिता ।

बेलायती शासनको अन्त्यमा व्यक्तिगत मुद्दाहरू सम्बोधन गर्ने कानूनहरूमा भएको वृद्धिले सरकारलाई झ्ढद्धझ्ञ मा हिन्दू कानूनको संहिता बनाउन बीएन राउ समिति गठन गर्न बाध्य बनायो । हिन्दू कानून समितिको काम साझा हिन्दू कानूनहरूको आवश्यकताको प्रश्नको जाँच गर्नु थियो । । समितिले शास्त्र अनुसार महिलालाई समान अधिकार दिने संहिताबद्ध हिन्दू कानूनको सिफारिस गरेको थियो । १९३७ अधिनियम को समीक्षा गरियो र समितिले हिन्दूहरूको लागि विवाह र उत्तराधिकारको नागरिक संहिता सिफारिस गर्यो । भारतमा आपराधिक कानूनहरू समान छन् र सबैमा समान रूपमा लागू हुन्छन्, तिनीहरूको धार्मिक विश्वास जस्तोसुकै भए पनि, नागरिक कानूनहरू विश्वासद्वारा प्रभावित हुन्छन् । धार्मिक ग्रन्थहरूद्वारा प्रभावित, नागरिक मुद्दाहरूमा लागू हुने व्यक्तिगत कानूनहरू सधैं संवैधानिक मापदण्डबमोजिम कार्यान्वयन हुँदै आएका छन् ।

विशेष गरी सन् १९८५ मा शाह बानो विवादपछि (शाह बानोले आफूलाई भेट्टाउन नसकेपछि पतिसँग सम्बन्ध विच्छेद गरेपछि भत्ताको माग गरिन्छ। अदालतले धारा ४४ अन्तर्गत यूसीसीको आवश्यकता रहेको उल्लेख गर्दै उनको पक्षमा फैसला गर्यो) भाजपाले एजेन्डा लिएको छ । इद्दत अवधि सकिएपछि सम्बन्धविच्छेद भएकी पत्नीप्रति आफ्नो पतिको कुनै जिम्मेवारी नरहेको मुस्लिम दावीलाई भारतीय सर्वोच्च अदालतको फैसलाले उल्टाएको कारण यो मुद्दा महत्त् वपूर्ण थियो । विवादास्पद शाह बानो मुद्दा देशव्यापी राजनीतिक मुद्दा बनेको छ ।

१४ जुन २०२३ मा, भारतीय २२ औं कानून आयोगले भारतीय संविधानको अनुच्छेद ४४ अन्तर्गत यूसीसी मा सुझाव मागेको छ । यसले भारतको सम्पूर्ण भूभागमा समान नागरिक संहिता लागू गर्ने कुरा गर्छ । यसले महिला र धार्मिक अल्पसंख्यकहरू सहित अम्बेडकरले परिकल्पना गरेको कमजोर वर्गहरूलाई सुरक्षा प्रदान गर्ने लक्ष्य राख्छ, साथै एकताको माध्यमबाट राष्ट्रिय भावनालाई बढावा दिन्छ । यो संहिता लागू भएपछि हिन्दू कोड बिल, शरियत कानून र अन्य जस्ता धार्मिक विश्वासका आधारमा छुट् याइएको कानूनलाई सरल बनाउन काम गर्नेछ । यो संहिताले विवाह समारोह, उत्तराधिकार, उत्तराधिकार, दत्तक ग्रहण लगायतका जटिल कानुनहरूलाई सबैका लागि एउटै बनाउनेछ । एउटै नागरिक कानून सबै नागरिकहरूलाई तिनीहरूको आस्था बिना लागू हुनेछ ।

बीजेपीका लागि, यो २०१६ देखि संसदमा प्राथमिकता एजेन्डा वस्तु भएको छ । तिनीहरू सक्रिय रूपमा यूसीसी को वकालत गर्दैछन्, जुन अल्पसंख्यक समुदायहरूलाई लक्षित गर्न र उनीहरूको हिन्दुत्व एजेन्डालाई अगाडि बढाउन भाजपाको अर्को चाल हो । यो त्यही पार्टी हो जसले अयोध्या मन्दिर निर्माण र भारतीय संविधानको धारा ३७० खारेजको आह्वान गरिरहेको छ । बीबीसीका अनुसार, यूसीसी कानूनको अर्थ सबै व्यक्तिगत धार्मिक कानूनहरूलाई खाडीमा राखिनेछ र विवाह, सम्बन्ध विच्छेद, उत्तराधिकार आदि क्षेत्रहरूलाई नियन्त्रण गर्ने एक समान व्यक्तिगत कानून बनाइनेछ । एएपी, तृणमूल कांग्रेस (ममता बनर्जी) र धार्मिक सिख पार्टीहरूले यूसीसी लाई धार्मिक मामिलामा हस्तक्षेपको रूपमा विरोध गर्छन् । यसको कार्यान्वयनको नागाल्याण्ड बार एसोसिएसन र मुस्लिम समुदाय सहित धेरै समूहहरूले विरोध गरिरहेका छन् । अखिल भारतीय मुस्लिम व्यक्तिगत कानून बोर्डले पनि यूसीसी मा कानून आयोगको प्रश्नावली बहिष्कार गरेको छ ।

भारतीय कानूनमन्त्री वीरप्पा मोइलीले भनेका छन्, "भारत जस्तो बहुसांस्कृतिक, बहुजातीय र बहुआयामिक देशमा यूसीसी लागू गर्न असम्भव छ ।" यसले सीमान्तीकरण र भेदभाव निम्त्याउनेछ । बीजेपी नेतृत्वको सरकार अन्तर्गत अल्पसंख्यक अधिकारहरूको अत्याधिक ट् र्याक रेकर्डले अल्पसंख्यक अधिकारहरू उल्लङ्घन गर्न, उनीहरूको पहिचान मेटाउन र हिन्दू प्रधान कानून/जीवन शैली लागू गर्न यूसीसी प्रयोग गरिनेछ भन्ने तथ्यको समर्थन हो ।

प्रधानमन्त्रीसँगको छलफलपछि विद्युत महसुल विवाद समाधान हुनेमा उद्योगी आशावादी

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल विवादलाई मध्यमार्गी ढंगबाट समाधान गर्नुपर्ने पक्षमा देखिएका छन् । नेपाल विद्युत् प्राधिकरणले बक्यौता नतिर्ने उद्योगमा लाइन काट्न सुरू गरेको एक सातापछि शुक्रबार उद्योगीहरूसँग भएको भेटवार्तामा प्रधानमन्त्रीले मध्यमार्गी ढंगबाट समाधान खोज्नुपर्ने आशय व्यक्त गरेका हुन् । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघका पदाधिकारीसहित लाइन काटिएका उद्योगका सञ्चालकहरूले प्रधानमन्त्रीलाई भेटेका थिए ।

प्रधानमन्त्री दाहालले मध्यमार्गी बाटोबाट विवाद समाधान गर्नुपर्ने आशय व्यक्त गरेपछि पेचिलो बन्दै गएको विद्युत् बक्यौता विवाद समाधान हुनेमा उद्योगीहरू आशावादी बनेका छन् । निजी क्षेत्रका संगठन र उद्योगीहरू आफैँ विद्युत् महसुल विवादलाई मध्यमार्गी बाटोबाट समाधान गर्नुपर्ने पक्षमा छन् । प्रधानमन्त्रीसँगको भेटवार्तापछि उद्योगीहरू मध्यमार्गी बाटोबाट विवाद समाधान हुने र उद्योगमा काटिएको लाइन पनि जडान हुनेमा आशावादी बनेका छन् ।

देशले चर्को लोडसेडिङ खेपिरहेका वेला उद्योगहरूले ६५ प्रतिशत प्रिमियम शुल्कमा डेडिकेटेड फिडर र ट्रक लाइनबाट २४ घण्टासम्म विद्युत् प्रयोग गरेको प्राधिकरणको भनाइ छ । सो सुविधा उपभोग गरेका ५९ उद्योगले बक्यौता नतिरेको भन्दै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत शुक्रबारदेखि उद्योगमा लाइन काट्न थालेका छन् । हालसम्म प्राधिकरणले नौ उद्योगको लाइन काटिसकेको छ ।

भेटवार्तामा प्रधानमन्त्री दाहालले उपभोग गरेको बिजुलीको महसुल प्रिमियमसहित तिर्नुपर्ने बताए । यदि उद्योगले विद्युत् प्रयोग नगरेको भए

बिजुलीको महसुल तिर्नुनपर्ने आश्वासन प्रधानमन्त्रीले दिएको भेटवार्तामा सहभागी नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले बताए । प्रधानमन्त्रीले छिट्टै सम्बन्धित निकायसँग छलफल गरेर उचित निकास निकाल्ने प्रतिबद्धता जाहेर गरेका छन् । 'एक-दुई दिनमै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोगलगायत सरोकारवाला निकायसँग छलफल गरेर निकास निकाल्ने पक्षमा प्रधानमन्त्री देखिनुभएको छ,' भेटवार्तामा सहभागी उद्योगीहरूले भने ।

प्रधानमन्त्री दाहालले विद्युत् प्रयोग अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता उद्योगीले तिर्नैपर्ने बताए । ०७२ साउनदेखि ०७२ पुस र ०७५ जेठदेखि ०७७ जेठसम्म गरेर दुई अवधिको बक्यौताबारे भने छलफल गरेर निकास निकाल्ने उनको भनाइ छ । आफूहरू पनि जतिसक्दो चाँडो यो विवाद समाधान गर्ने पक्षमा रहेको भेटवार्तामा सहभागी परिसंघका अध्यक्ष अग्रवालले बताए । प्राधिकरणले ०७२ साउनदेखि उद्योगहरूमा डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली दिन सुरू गरे पनि ०७२ पुसमा मात्रै तत्कालीन विद्युत् महसुल निर्धारण आयोगले प्रिमियम शुल्क अनुमोदन गरेको थियो । ०७५ वैशाखमा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज नभएको भन्दै उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो । आयोगले अनुमोदन गरेको भन्दा अघि र लोडसेडिङ अन्त्य भएपछिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ । यदि प्रमाण भएको अवस्थामा ०७२ माघदेखि ०७५ वैशाखसम्मको बक्यौता रकम भने तिर्ने उद्योगीले बताउँदै आएका छन् ।

भेटवार्तामा प्रधानमन्त्री दाहालले बाध्य भएर उद्योगको लाइन काट्नुपरेको बताएका थिए । 'लामो समय प्रयास गर्दा पनि यो विवाद समाधान हुने देखिएको थिएन । विवाद समाधान गर्नकै लागि लाइन काटेका हौँ,' छलफलमा प्रधानमन्त्रीले भने, 'अब के-कसरी अघि बढ्ने भन्ने विषयमा विद्युत् प्राधिकरणसँग छलफल गरेर थप निर्णय लिन्छौँ ।' प्रधानमन्त्रीले कसैलाई पनि मर्का नहुने गरी समाधान निकाल्ने बताएका छन् ।

भेटवार्तामा उद्योगीहरूले कानुनी व्यवस्थाअनुरूप विवाद समाधान गर्न आग्रह गरेका थिए । उद्योगीहरूले टिओडी मिटरको विवरण सार्वजनिक गर्न माग गर्दै आएका छन् । विनाप्रमाण बक्यौता रहेको वा महसुल भुक्तान नगरेको भन्दै उद्योगहरूमा काटिएको बिजुलीको लाइन तत्काल जडान गर्न परिसंघले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ ।

परिसंघ अध्यक्ष राजेशकुमार अग्रवालले प्राधिकरणले जारी गर्ने नियमित बिजकअनुसारको महसुल उद्योगीहरूले भुक्तान गरिरहेको र प्राधिकरणले समयमै बिल भुक्तानीबापत उपलब्ध गराउने इन्सेन्टिभसमेत लिइरहेको प्रधानमन्त्रीलाई जानकारी गराए । 'उद्योगहरूले भुक्तानी नगरेको भनिएको रकम डेडिकेटेड फिडर वा ट्रंक लाइनबापतको प्रिमियम शुल्क मात्रै हो । उद्योगले सो विशेष सुविधा उपभोग गरेको प्रमाणित गरेमा सबै उद्योगीहरूले तिर्नुपर्छ,' अग्रवालले प्रधानमन्त्रीलाई भने, 'यो विषय धेरैअघिदेखि विवादित छ, कतिपय उद्योगहरू अदालतमा गएका छन् । तर, अँझै टुंगो लाग्न सकेको छैन । यसलाई छलफल गरेर टुंगोमा पुऱ्याउनुपर्छ ।'

अहिले न्यून क्षमतामा सञ्चालनमा रहेका उत्पादनमूलक, निर्यातजन्य उद्योगहरूको विद्युत् काटिँदा समग्र अर्थतन्त्रमा नकारात्मक असर पुग्ने र राष्ट्रको छविमा समेत नकारात्मक असर गर्ने औँल्याउँदै अध्यक्ष अग्रवालले प्रधानमन्त्रीकै पहलमा उचित निकास निकाल्न आग्रह गरे । प्रधानमन्त्रीको अभिव्यक्तिपछि उद्योगीहरू आशावादी र सकारात्मक देखिएका छन् । 'प्रधानमन्त्रीज्यूले उद्योगले प्रयोग भएको बिजुलीको मात्रै पैसा तिर्नुपर्ने भन्नुभएको छ,' अध्यक्ष अग्रवालले भने, 'हामीले पनि यही मोडेलमा अघि बढ्नुपर्छ भन्दै आएका थियौँ । अब कुनै निकास निस्केला ।'

उद्योगी विष्णु न्यौपानेले पनि प्रधानमन्त्रीसँगको भेटवार्तापछि केही आशा पलाएको बताए । 'हामी देशकै ठूलो निकायमा गएका छौँ, हाम्रो अभिभावक भनेकै प्रधानमन्त्री हो, उहाँले एउटा समिति बनाएर थप अध्ययन गरी सम्बन्धित निकायसँग छलफल गरेर छिट्टै निकास दिन्छु भन्नुभएको छ,' उनले भने, 'लाइन जोड्ने विषयमा पनि प्राधिकरणसँग छलफल गरेर पुनर्विचार गर्छु भन्नुभएको छ । यसले हामीलाई केही आशा दिएको छ ।'

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे

• राजन कार्की
rajan2012karki@yahoo.com

माधव घिमिरेले उहिल्यै लेखेका थिए- नेपाली हामी रहौंला कहाँ नेपालै नरहे । हरेक दिन नेपाल चुडिदो छ, लुटिदो छ, च्यातिदो छ, साँघुरिदो छ, हामी चेतेनौं ।

मूर्ख देखेर वा भोगेर पनि चेत्दैन भन्ने सामाजिक मान्यता छ, हामी यही मान्यताको उदाहरण बन्यौं ।

मैनबत्ती पग्लेजसरी देश पग्लदै सकिदैछ, हामी लोकतन्त्र लोकतन्त्र भनेर खोकिरहेका छौं । न्याय मारेर, नैतिकता र नीति त्यागेर नेपालीत्व सिध्याउँदैछौं ।

स्वाभिमानले बाँच्छ देश । स्वाभिमान खस्कदै गएकाले देश मर्दै गएको छ । नयाँ सरकार जिवन्त छ कि छैन ? देश जिवन्त रहेन भने सरकार कसरी जिवन्त रहन सक्छ ? इतिहास साक्षी छ, आज पनि हिटलरको मुर्खतापूर्ण इतिहासबाट लज्जित हुनेगर्छ जर्मन । भारत अंग्रेजले सिकाएको 'फुटाउ र राज गर'को नीतिमै उभिएको छ । नेपालीलाई फुटाउने र जुटाउने अनि सीमा र राजनीतिमात्र होइन, नेपालीत्वलाई नै गिजोल्ने बानी बढाउँदै लगेको छ छिमेकीले । हामी छिमेकीको गुणगान गाएर बसेका छौं ।

समाज बदल्ने राजनीतिले केही व्यक्तिको जीवनस्तर बदल्यो । समाज झन झन बिथोलिदै गएको छ । परिवर्तन लोकले देख्नै पाएनन् र लाजनीति बन्यो । लोकतन्त्र ल्यायौं भन्नेहरूले लोकतन्त्रलाई द्रौपदीको जस्तो चीरहरण गरे, गरिरहेका छन् । यिनले लोकतन्त्र भनेको आचार, विचार, अनुशासन, विधि हो भन्ने कहिल्यै बुझेनन् । यिनले बुझेको सत्ता, शक्ति, सम्पत्ति र व्यक्ति प्रतिष्ठा हो भन्ने बुझ् नाले लोकतन्त्रको गरिमा र महिमा केही पनि बाँकी रहेन । १७ वर्षको अवधिमा जे देखियो, महाभारतकथामा झैं कौरव चरित्र देखियो । सधैं स्वाधीन रहेको नेपालमा स्वदेशी नेता दुर्योधन र विदेशी दुशासनहरूको दृश्य अदृश्य हैकम चल्नु भनेको वीरहरूले जोडेको मुलुकमा कायरहरूबाट चलेको शासन हो ।

लोकतन्त्र कुनै पनि हिसावले लोकबादी हुनसकेन । अग्रगमनका भाषण गर्नेहरूले देशलाई विश्वशक्तिको भूमरीमा हालिदिए । देशको सम्प्रभूता जनताले बचाएमात्र बाँच्ने स्थिति आयो ।६१ ठाउँमा सीमा मिचेपछि भारतले लिपुलेक, लिम्पियाधुरा, कालापानीलाई आफ्नो नक्सामा हाल्यो । ती नेपाली भूभागमा शासन र हैकम उसैको चलेको छ । सन २०१९ नोभेम्बर २, नेपाल-भारत मित्रताका नाममा नेपाली भूभाग लुट्को कालोदिन देख्नेहरू हिजो पनि राजनीतिमा थिए, आज पनि शासनसत्तामा छन् । यही दिन भारतले नेपालको कालापानी, लिम्पियाधुरा-लिपुलेक भारतमा मिसायो । नेपालको ३८७ बर्गकिलोमिटरभन्दा बढी क्षेत्र ठाडै भारतले खायो । किन दुख्दैन लोकतन्त्रवादीलाई देश ?

भारतीय सीमा अतिक्रमणको इतिहास पुरानै छ । सन २०१७ मार्च ९ मा कञ्चनपुरको पुनर्वास क्षेत्रको सीमामा भारतीय अतिक्रमण रोक भन्दा भारतले गोविन्द गौतमलाई गोली ठोकेर मारिदियो । त्यही भारतले सन २०२१ मा महाकालीको तुइन काटेर जयसिंह धामीलाई मारिदियो । महाकालीको धार नेपालतिर फर्काएर डुबानमा पार्न भारतले अन्तर्राष्ट्रिय कानुन मिचेर सीमामा तटबन्ध बनाइरहेको छ । यो विषय उठाउँदा स्थानीयमाथि भारतले ज्यादति गरिरहेकै छ । भारतीय ठेकेदारले ढुंगा पड्काउँदा एक बालकलाई पनि मारेको छ । भारतले नक्सा जारी गर्दा केपी ओली नेतृत्वको सरकार थियो । त्यतिबेला कालापानी क्षेत्र नेपालको हो, भारतीय सेना फिर्ता लैजाउ भन्ने ओलीजस्ता होनहार लोकतन्तवादी सबै नेताहरू आज पुनः सांसदधारी, सत्ताधारी बनेका छन् । हामी आफ्नो भूमि दिदैनौं, अरूको पनि लिदैनौं भन्न सकेनन् ।

प्रधानमन्त्री प्रचण्डलाई प्रधानमन्त्री नियुक्त भएको केही मिनेटमै भारतीय राजदूतले बधाई दिए । प्रचण्डले भारतीय मिडिया एवीपीलाई अन्तर्वार्ता दिंदै भने- विदेश सचिवसँग कुरा भएको छ । मेरो पहिलो भ्रमण भारत नै हुनेछ । यो कथनले प्रधानमन्त्रीको होइन, नेपालको ओज घटेको छ । प्रम प्रचण्डले विदेश सचिवसँग होइन, भारतका प्रम नरेन्द्र मोदीसँग कुरा गर्नुपर्छ । दिल्लीदेखि वाशिङ्टन, बेइजिङ भ्रमण गरेका प्रचण्डले कुनै उपलब्धि हासिल गर्न सकेनन् । देशको मुद्दा उठाउने कूटनीतिमा हार खानु देश चलाउने ल्याकत नहुनु हो ।

कोठा कोठामा आयोजित एकाध अवसरमा नेताहरू लिपुलेक नेपालकै हो भन्छन् । लिपुलेक, लिम्पियाधुरा, कालापानी क्षेत्रमा चुनाव हुनसकेन, जनगणना पनि भएन । भारतले भोगचलन गरिहेको छ । बरिष्ठ पत्रकार भैरव रिसालको प्रश्न छ- २०२० सालसम्म लिम्पियाधुरा क्षेत्र निर्विवाद नेपालको थियो । यसको प्रमाण म आफै छु । २०१८ सालमा त्यो क्षेत्रको जनगणना मैले गराएको हुँ । १८१६ को ईष्ट इण्डिया कम्पनी सरकार र नेपाल सरकारवीच भएको सन्धिपछि कम्पनी सरकारका कार्यवाहक सचिव जे आदमले काठमाडौंस्थित आफ्ना रेजिडेण्ट र कुमाउँका कार्यवाहक कमिश्नरलाई लेखेको पत्रले पनि कालीपूर्वको लिम्पियाधुरा क्षेत्र नेपालको हो । पत्रमा सबै तिरोतिरान नेपाल सरकारलाई नै तिर्नु किनकि त्यो सम्पूर्ण भूभाग अव नेपालको भो । प्रमाणले मात्र नेपालको भएर के गर्नु ? हकभोग पराईले गर्न थालिसक्यो । नेपाल कूटनीतिक रूपमा संवाद गर्न हच्किरहेको छ । दर्जनौं कूटनीतिक नोट पठाउँदा भारत नसुनेझैं गर्छ । यो मुद्दालाई नेपाल अन्तर्राष्ट्रियकरण पनि गर्न सक्दैन । नेपालको सार्वभौमिकताको सम्मान गर्छु भन्ने चीनले पनि लिपुलेकका बारेमा एकपल्ट ग्लोबल टाइम्समा लेख्नेबाहेक थप सहयोग गर्न जाँगर देखाएको छैन । उसलाई उसकै सुरक्षाको चिन्ता छ ।

१९७५ को अप्रिल १० का दिन । सिक्किम संसदका ३२ मध्ये ३१ सांसदले संसद बैठकमा भारतको प्रान्त हुन मन्जूर गरेको प्रस्ताव ल्याए अनि पास गरे । स्वाधीन राष्ट्र सिक्किम नाटकीय ढंगले भारतको प्रान्त हुनपुग्यो । नेपाल कतै यस्तै नाटकीय रूपमा भारततिर पलायन हुने त होइन ? हिजोसम्म निकै खतरा अनुभूति भएको थियो । आज केही होनहार युवा संसदमा पुगेका छन् । सरकारमा पनि सामेल छन् । तिनले देश र जनताका लागि ओजनदार आवाज उठाउन र काम गर्न सके भने अर्को निर्वाचनमा कुनै पनि लम्पसारवादी नेताले चुनाव जित्ने छैनन् । लेण्डुप दोर्जी सोचका नेतृत्वहरूका लागि यही संसद र सरकार अन्तिम हुनसक्छ । जनताले आशा र आस्था राखेका सांसदले त्यो भार बहन गर्न सक्लान् ?

देखाउन संविधान छ, लोकतन्त्र छ । यथार्थमा विदेशी हैकम बढ्दो छ । विदेशीका सामु लम्पसारवादी राजनीतिकै कारण बिगत १७ वर्षदेखि नेपाल भ्रष्टाचारको दलदलमा फसेको हो । नीति, नैतिकता, लोकलज्जा, विधि, सिद्धान्त सबै तुहिएका हुन् । अब राष्ट्रकविका गीत बज्नुपर्छ, जनतामा जागरण ल्याउनुपर्छ- नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

राष्ट्रप्रति गौरव गर्न नचाहने नेताहरूले कालापानीका सवाललाई राजतन्त्रतिर मोडेर विषयान्तर गरेका थिए । एकजना एमालेका नेता तथा पूर्व परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले दुई धोक्रो सुनमा राजा महेन्द्रले कालापानी बेचेको आरोप पनि लगाए । यस्ता भ्रमित पार्ने कुराको चिरफार हुनुपर्छ । चुरो कुरो के हो भने भारतको प्रभावमा परेका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले २००९ साल जेठ २७ गते नेपालको उत्तरी सीमामा १८ भारतीय चेकपोष्ट राख्न अनुमति दिएका थिए । ती क्षेत्रहरूमा १. तिङकरभञ्ज्याङ दार्चुला, २. तानाराकोट धुलिबझाङ, ३. मुचु हुम्ला, ४. मुगु गाउँ मुगु, ५. धार्काभोट डोल्पा, ६ थोराङभञ्ज्याङ मनाङ, ७. कैलाशघुस्याङ मुस्ताङ, ८. अठारसय खोला गोर्खा, ९. लार्के भञ्ज्याङ गोर्खा, १०. रसुवागढी रसुवा, ११. सोमदाम रसुवा, १२. तातोपानी कोदारी सिन्धुपलाञ्चोक, १३. लामाबगर दोलखा, १४. चेपुवाघाँटी संखुवासभा, १५. नाम्चेच्याल्सा सोलुखुम्बु, १६. ओलाङचुङगोला ताप्लेजुङ, १७. थेचम्मु ताप्लेजुङ, १८. च्याङथापु पाँचथर । राजा महेन्द्र शासनमा आएपछि प्रधानमन्त्री कीर्तिनिधि विष्टमार्फत हटाउने निर्णय गरेका हुन् । यही योजनाअन्तर्गत तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले भारतलाई हटाउन आग्रह गरे । भारतले हप्कायो, नेपालले टेरेन र अन्तर्राष्ट्रियकरण गर्ने जवाफ दिएपछि भारतले सन् १९७० अगष्ट १ का दिन ती चेकपोष्टहरू फिर्ता गऱ्यो । त्यस्तो देश आज कस्तो भयो ?

सीमाविद बुद्धिनारायण श्रेष्ठका अनुसार नेपाल भारतवीचको सीमा भनेको सन १८१६ को सुगौली सन्धि नै हो । यसको प्रमाण बेलायत हो । सन्धि र सन्धिपछि बनेका नक्सा नै आधार हुन् । प्रमाण बलिया छन्, नेपालका नेताहरूको विदेशपरस्तताका कारण कूटनीति कमजोर भएको छ । सीमा काली नदी नै हो, यसको उल्लेख सुगौली सन्धिको धारा ५ मा उल्लेख छ । यो सन्धि बेलायतसँग छ । काली नदीको मुहान कुन हो भन्ने सन्दर्भमा ब्रिटिश सर्भेअर अफ इन्डियाले १८२७ मा गढवाल, कुमाऊँ नाम दिएर नक्सा बनाएको छ । त्यसमा लिम्पियाधुराबाट निस्किएको नदीलाई काली भनिएको छ । योभन्दा थप प्रमाण के चाहियो ? नेपालले बेलायतलाई विश्वासमा लिएर तत्कालीन नापनक्साहरू भारतका सामु देखाएरसबै सीमा समस्या सदाका लागि अन्त्य गर्नुपर्छ । प्रमाणका आधारमा हामीले खोज्ने हो, सरकार लाग्ने हो भने भारतले सुगौली सन्धिताकाको ऐतिहासिक नक्साले भारतलाई छेराउँछ, नेपाली भूभाग भारतले पचाउन सक्दैन । जवाफ आगामी समयले देला, प्रतिक्षा देला ।

पढ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान साप्ताहिक

सम्पादकीय

के प्रहरी क्रुर हुनैपर्ने, सयंमित हुन नसक्ने नै हो त ?

गत शुक्रबार ललितपुरको बालकुमारीमा रहेको इपीएस कार्यालय घेराऊ गर्न पुगेका दुई हजार भन्दा बढी पिडितहरू मध्येका अछामका २३ वर्षीय वीरेन्द्र शाह र दैलेखका २३ वर्षीय सुजन रावत मारिए। शाह र रावत सहित हजारौं युवाहरूले आफूहरूले कोरियाको उत्पादन क्षेत्रका लागि परीक्षा दिएको भएपनि अन्य क्षेत्रको लागि भाषा परीक्षा दिन पाउनुपर्ने माग गर्दै आएका थिए। तर इपीएस शाखाले उत्पादन क्षेत्रमा भाषागत परीक्षा दिएकाले अन्य क्षेत्रमा भाषागत परीक्षा दिन नपाउने निर्णय गरेपश्चात् इपीएस कार्यालयमा विरोध प्रदर्शन गर्दै आएका थिए। उत्पादन क्षेत्रमा भाषागत परीक्षा दिएका १८ जना युवाले अदालतमा मुद्दा दर्ता गरेका र अदालतले उनीहरूले उत्पादन क्षेत्रमा भाषागत परीक्षा दिएका भएपनि अन्य क्षेत्रमा समेत भाषागत परीक्षा दिन पाउने आदेश दिएको थियो। तर, इपीएस कार्यालयले अदालतमा मुद्दा दर्ता गरेका बाहेकलाई भाषागत परीक्षामा सामेल हुन नदिने निर्णय गरेको हुनाले उत्पादन क्षेत्रमा भाषागत परीक्षामा फेल भएका युवाहरूले त्यसको विरोध गर्दै आएका थिए।

१३ गते नै उच्च अदालत पाटनले परीक्षा लिन दिने निर्णय गरेका १८ युवालाई मात्र इपीएस कार्यालयले भाषागत परीक्षाका लागि बोलाएपछि अन्यले विरोध गर्दै उत्पादन क्षेत्रमा फेल भएका सबैले अन्य क्षेत्रमा परीक्षा दिन पाउनुपर्ने गरी विरोध प्रदर्शन गरिरहेका बेला प्रहरीले क्रुर तवरमा अश्रुग्याँस सहित गोली चलाएर २ युवाको ज्यान लिएको छ। प्रहरीले संयमता गुमाउँदा दुई युवाको ज्यान गएको छ। नेपालमा रोजगारी नभएको र सरकारले रोजगारी बढाउन नसकेको हुनाले हजारौं युवा युवती दिनहुँ विदेश जान बाध्य भएका छन्। मारिएका युवाहरू पनि बैदेशिक रोजागरीमा जाने उदेश्यले नै भाषा सिकेर रोजगारीमा जाने भएका थिए तर प्रहरीको गोलीले उनीहरूको ज्यान गएको छ। प्रहरीको गोली लागि ज्यान गएपछि गृह मन्त्रालयले आदेश दिने व्यक्तिलाई नै संयोजक बनाएर छानविन समिति बनाएको थियो। नेपालमा घटना हुनासाथ छानविन समिति बनाइने गरेको तर सो समितिले दिने प्रतिवेदन जस्तोसुकै भएपनि कार्यान्वयन नहुने र दराजमा थन्क्याएर राख्ने गरिएको छ। जनताको ज्यान गईसकेपछि छानविन समिति बनाइनु कर्मकाण्डी पुऱ्याउनु बाहेक अन्य केही हुन सक्दैन।

श्रमका लागि कोरिया जाने भाषा परीक्षामा सहभागि नगराएको भन्दै युवाहरूले गरेको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा प्रहरीबाट घातक बल प्रयोग भएको छ। प्रहरीले विरोध प्रदर्शनकारीहरूले मन्त्री चढेको गाडी जलाएको भन्दै गाडी जलाउने युवालाई नियन्त्रणमा लिने क्रममा गोली चलाउँदा अन्य कैयौं युवाहरू घाइते भएका थिए। गोली लागेका वीरेन्द्र शाहलाई दुई गोली लागेको थियो भने रावलको शरीरमा निलडाम रहेको थियो रावतलाई गोली लागेको थिएन तर उनलाई निलडाम रहेको हुनाले उनलाई घातक तवरले कुटिएको थियो।

सत्ता गठबन्धनको पुष्पकमल दाहाल नेतृत्वको सरकारले एकवर्षसम्ममा पनि स्वदेशमै रोजगरी बढाउन नसकेको र दाहाल सरकारले एकवर्ष गफ गरेरै बिताएको हुनाले हजारौं युवा युवती दैनिक बैदेशिक रोजगारीमा जान बाध्य भएका छन्। श्रम तथा रोजगार मन्त्रालयले समेत रोजगारी बढाउने कुनै नयाँ कार्यक्रम ल्याउन सकेको छैन। दाहाल सरकारले भाषणमा ठुला ठुला कुरा गरेपनि व्यवहारमा कुनै सुधार गर्न नसकेको र स्वदेशमा रोजगारी नपाएपछि बैदेशिक रोजगारमा जानुपर्ने बाध्यता युवायुवतीहरूमा रहेको छ। स्वदेशमा भएका उद्योगधन्दाहरू निजीकरणको नाममा कौडीको मूल्यमा बेचिए अहिले त्यसको परिणाम युवायुवतीले भोग्नु परेको छ। सरकारले चाहेको खण्डमा स्वदेशमै रोजगारी दिन सक्छ तर सरकारमा त्यो साँच नै छैन सडक निर्माण, पुल निर्माण लगायत कृषि क्षेत्रमा स्वदेशमा युवायुवतीलाई रोजागरी दिएर उत्पादन बढाउन सकिने सम्भावना भएपनि सत्तामा बसेका दलहरू र सरकारको त्यस्तो कुनै साँच नभएकाले गर्दा नै युवावर्गमा वितृष्णा उत्पन्न हुँदै गएको छ। १३ गतेको बालकुमारीको घटनामा कोरियाको रोजगार अनुमति प्रणाली कार्यालय इपिएस समेत दोषी देखिएको छ। विरोध प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीहरूलाई साम्य पार्नुको बदला अदालतलमा मुद्दा हालेका बाहेकलाई उत्पादन क्षेत्र बाहेकको अन्य क्षेत्रमा भाषागत परीक्षा दिन नपाउने निर्णय गरेर प्रदर्शनकारीहरूलाई आक्रोशित बनाएको थियो। कार्यालयले आफूभन्दा माथिको निकायसँग सल्लाह र परामर्श नै नगरी त्यस्तो निर्णय लिएको हुनाले कार्यालय प्रमुखलाई समेत कारबाहीको भागि बनाइनुपर्दछ।

यति ठुलो घटना हुँदा समेत सम्बन्धित मन्त्री र सम्बन्धित मन्त्रालय सचिव मौन रहनुको रहस्य के ? गृह मन्त्रालयले छानविन समिति बनाएर सरकारको गल्ती बचाउने कार्यलाई बल पुऱ्याएको छ। व्यापक जनदबाव पछि सरकारले निष्पक्ष रुपमा छानविन गर्न समिति गठन पूर्व न्यायाधिशका अध्यक्षतामा समिति बनाएको छ। पहिला बनाएको समिति त आदेश दिन प्रहरीकै नेतृत्वमा बनाइएको हुनाले सो समितिले जस्तोसुकै प्रतिवेदन सरकारलाई दिएपनि त्यसलाई विश्वास गर्न नसकिने आधारहरू यस अघिका समितिका प्रतिवेदहरूले समेत प्रष्ट भएको छ। प्रहरीले संयम गुमाएर गोली प्रहार गर्न' र प्रदर्शनकारीलाई भाग्दाभाग्दै पनि लाठी प्रहार गर्नु मानव अधिकारको समेत गम्भीर उल्लंघन भएकाले त्यस दिन प्रहरीको नेतृत्व गरेका प्रहरीलाई कानुनी कारबाही गरि पिडितका परिवालाई उचित क्षतिपूर्ति र न्याय दिनु सरकारको दायित्व र कर्तव्यसमेत हो भन्ने हामीले ठानेका छौं। छानविन समिति गठन गरेर मात्र समस्याको समाधान हुन सक्दैन। यो नै हाम्रो ठहर रहेको छ।

व्यवहार बदल्ने संकल्प खोइ प्रधानमन्त्रीज्यू !

राजाराम गौतम

नेपाली समाजमा अराजकता अनि नकारात्मक भाष्य बढ्दै गएकामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' जति चिन्तित छन्, पंक्तिकारलाई त्योभन्दा कम चिन्ता छैन । सम्भवतः हरेक सचेत नागरिक समाजमा नकारात्मकता हावी हुँदा चिन्तित छ/हुन्छ । तर, चिन्ता (कुरा) ले चिउरा भिज्दैन ।

प्रश्न के हो भने नकारात्मक भाष्य किन बढिरहेको छ ? त्यस्तो भाष्य निर्माणको जरो कहाँ छ ? कतै यो भाष्य उत्पादनको मुहान स्वयं सरकार त होइन ? तेस्रो प्रधानमन्त्रित्वकालको पहिलो वर्ष पूरा गरेको अवसरमा राष्ट्रका नाममा सम्बोधन गर्दै 'समस्याको जरो छोडेर हाँगा छिमल्ने गल्ती नगर्ने' उद्घोष गरेका प्रचण्ड यी सवालबारे घोत्लिनु जरूरी छ ।

यो स्तम्भ नकारात्मक भाष्य बढाउन होइन, 'रचनात्मक आलोचना' मार्फत प्रचण्डलाई जरो खोतल्न सहयोग पुगोस् भन्ने मनसायबाट प्रेरित छ ।

हुन त यसो भनिरहँदा प्रचण्ड 'इरिटेट' हुन सक्लान्, तर तीतो यथार्थ यही हो कि, समाजमा यो स्तरमा नकारात्मकता बढाउने एउटा मुख्य मुहान स्वयं प्रचण्ड सरकार हो । वर्षौंदेखि राजनीतिको शीर्षासनमा बसेर हर्ताकर्ता बनेको राजनीतिक नेतृत्व नकारात्मक भाष्य उत्पादनको मुख्य कारखाना हो । आशा र अपेक्षाको नजरले हेरिएको राजनीतिक नेतृत्वले जब सत्ताका लागि ढाँट र कपटको सहारा मात्रै लिइराख्छ, त्यो समाजमा कसरी सकारात्मक भाष्य निर्माण हुन्छ ? मिडियाले नकारात्मकता सिर्जना गरिदिए भनेर धारेहात लगाउने नेतृत्वले भुलेको छ, उसको 'कथनी र करनी' बीचको खाडल गहिरिँदै जाँदा अविश्वासको जग मजबुत हुँदै गएको हो । नागरिकजनमा पलाएका आशा, भरोसा अनि विश्वास गुम्दै अविश्वासको बलियो जग खडा भएपछि नकारात्मक भाष्य निर्माण हुनु अस्वाभाविक होइन ।

यो विश्लेषणको आशय राजनीतिलाई दोषी देखाएर अरू सबै दोषमुक्त हुन् भन्ने भाष्य बनाउनु कदापि होइन । आज मुलुकमा जस्तो अन्योल र निराशा छ, त्यसको भागीदार प्रत्यक्ष-अप्रत्यक्ष हामी सबै हौं । ओठमा लोकतन्त्रको नारा बोकेर हिंड्ने तर दशकौं पद नछोड्ने नेता, चियापसल/सञ्जालमा नेतालाई गाली गरेर नथाक्ने तर तिनै नेतालाई फूलमाला र अबिरले पुर्न तँछाडमछाड गर्ने कार्यकर्ता, दोहोरो चरित्रमा बाँचेको नागरिक तप्का आदि सबै कुनै न कुनै हिसाबले प्रश्नको घेरामा छन् । तर, सरकार मुलुकको मूल अभिभावक हो । समाजले कस्तो भाष्य बनाउँछ भन्ने कुरा सरकारले लिने नीति, त्यसको कार्यान्वयन, सरकारमा रहेका पात्रहरूको भूमिका, व्यवहार र कार्यशैलीमा निर्भर हुन्छ । ती सही दिशामा जाँदा सकारात्मक भाष्य जन्मिन्छ, गलत दिशामा जाँदा नकारात्मक । त्यसकारण 'समाज बढी नै नकारात्मक भयो' भनेर अरूतिर औंला उठाउँदै गरेका प्रचण्डले यहीँनेर आत्मसंवाद गर्नु जरूरी छ ।

पछिल्लो नजिर नै हेरौं न, कोरियन भाषा परीक्षाको आवेदन दिन गएका दुई युवा अनाहकमा मारिए । सरकार बेरोजगार युवालाई रोजगारी दिन सक्दैन । दिनहुँ सयौं युवा परदेशिन बाध्य छन् । विदेशिएर श्रम गर्छु भन्दा उल्टै दमनको गोली बर्सिन्छ । त्यो बर्बरतामा नकारात्मकता र आक्रोश नबढे के बढ्छ ?

कार्यकालको दोस्रो वर्षको प्रारम्भमै आइपरेको यो दुःखद घटनापछि प्रचण्डले समाधानमा सक्रियता देखाएका छन् । तर, उनको प्रयास टालटुले र तत्कालको आक्रोश साम्य पार्ने उद्देश्यमा केन्द्रित छ । सरकारले छानबिन समिति गठन, ईपीएस कार्यालय प्रमुख तथा गोली चलाउन आदेश दिने प्रहरी अधिकारी र मन्त्रीका पीएसओलाई निलम्बन एवं पीडित परिवारलाई दस लाखको क्षतिपूर्ति घोषणा गरेर 'ठूलै काम' गरेको भन्ठानेको छ । तर, गोली हानेर लास बनाउने अनि लास उठाउन क्षतिपूर्ति दिने नियमित औपचारिकता पूरा गर्दैमा सकारात्मक भाष्य निर्माण हुँदैन । यो समस्याको जरामा पुग्ने हो भने भाषणमा होइन, व्यवहारमै स्वदेशमा पर्याप्त रोजगारी सिर्जना गरेर युवा जनशक्ति परदेशिनुपर्ने बाध्यताको अन्त्य गर्न सक्नुपर्छ । तर, रेमिट्यान्सको आडमा पालिन र अर्थतन्त्र सुध्रिएको गफ हाँक्न बानी परेको राजनीतिक नेतृत्वले भाषणहरूमा त स्वदेशमै उत्पादन बढाउने र रोजगारी दिने कुरा गर्छ । तर, व्यवहारमा बिर्सिहाल्छ ।

संकल्पलाई व्यवहारमा उतार्न बिर्सिनेमा प्रचण्ड अंग्रपंक्तिमै छन् । एक साता पनि भएको छैन, उनले राष्ट्रलाई सम्बोधन गर्दै 'सार्वजनिक समारोहमा समय खर्चिन्नँ, कार्यशैली बदल्छु' भनेको, तर उनी पूर्वनिर्धारित भन्दै लगातार उद्घाटन भाषणमा व्यस्त हुन थालिसके । शुक्रबार दोलखा पुगेर 'सुशासनका लागि दृढ संकल्प' गरेका उनले शनिबार अर्को उद्घाटन कार्यक्रममा बालकुमारी घटनामा सरकारको 'कमजोरी' स्विकारे । तर, के यो 'कमजोरी' मात्रै थियो ? कुनै पनि हिसाबले कमजोरी अथवा लापरबाही मात्रै होइन, यो ज्यादती हो । सरकारको यस्तै सोच र कार्यशैलीले नकारात्मक भाष्य बन्ने हो ।

एक वर्षअघि गठबन्धन सरकार बन्दा प्रचण्डप्रति यस्तो नकारात्मक भाव थिएन । गठबन्धन सरकार भए पनि सत्तापक्ष, प्रतिपक्ष सबैको अभूतपूर्व समर्थन पाएर तेस्रो पटक प्रधानमन्त्री भएका उनले 'अन्तिम अवसरमा केही गर्ने हुटहुटी छ' भनेपछि सबैले शंकाको सुविधा दिएकै हुन् । तर, उनको अर्जुनदृष्टि 'केही गर्ने हुटहुटी' मा भन्दा पद टिकाउने आकांक्षामा केन्द्रित देखियो ।

कांग्रेससँगको गठबन्धनबाट चुनाव लडेका र जितेका प्रचण्ड देउवाले प्रधानमन्त्री बनाउन सहयोग नगरेपछि एमाले अध्यक्ष केपी ओलीको शरणमा पुगेका थिए । राजनीतिक दाउपेचका अर्का चतुर खेलाडी ओलीले 'पानी बाराबारको सम्बन्ध' बाट उठेर शरणमा आएकालाई 'गोद' लिएपछि प्रचण्ड तेस्रो पटक प्रधानमन्त्री भएका हुन् । प्रधानमन्त्री बन्दा प्रचण्ड जति खुसी थिए, त्यो टिकाउने चुनौती अझ बढी थियो । सायद त्यसैले उनी पद टिकाउने प्रपञ्चमा केन्द्रित भए । सभामुख हुँदै राष्ट्रपति निर्वाचनसम्म आइपुग्दा एमालेसँगको लगनगाँठो तोडेर फेरि कांग्रेससहितको गठबन्धनमै फर्किए । सुरूआती दुई/तीन महिना मन्त्रिपरिषद् गठन र विस्तारमै अल्झेको सरकारले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सुन तस्करी आदिमा अनुसन्धान गर्न थालेपछि केही आशा जागेकै हो । अनुसन्धानले केही उच्चपदस्थ कर्मचारी र नेतालाई कारबाहीको दायरामा ल्यायो पनि । तर, जब सुई शीर्ष राजनीतिक तह र माओवादी नेतृत्वतिर समेत सोझियो, सरकारको रवैया बदलियो । अनुसन्धान र कारबाहीको 'स्पिरिट' कमजोर हुन थालेपछि कुनै बेला वाहवाही पाएको सरकार आलोचित हुन थाल्यो ।

यही आलोचना प्रधानमन्त्रीका लागि नकारात्मक भाष्य बनिदियो । उनी यी प्रकरणमा अनुसन्धान र कारबाही अघि बढाउँदा जनताले सुशासनको प्रत्याभूति गरेको ठान्छन् । सम्बोधनमा उनले भने, 'हाई प्रोफाइलहरूलाई कानुनले छुदैन भन्ने मनोविज्ञान बढिरहँदा मैले भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण, सुन प्रकरण आदिमा अनुसन्धान र कारबाही गरेपछि लोकतन्त्रप्रतिको भरोसा बढेको छ ।'

तर प्रचण्डले के बिर्सेका छन् भने एक/दुई नेतालाई कारबाहीको दायरामा ल्याउँदैमा मुलुकले सुशासनको अनुभूति गर्दैन । नेपाल यस्तो देश हो, जहाँ भ्रष्टाचारको आरोपमा नेता जेल गइरहन्छन् तर भ्रष्टाचार रोकिँदैन । विगतमा कांग्रेसका घागडान नेताहरू खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी, जेपी गुप्ता लगायत भ्रष्टाचारको आरोपमा जेल गएका होइनन् र ? र, पनि किन यो 'महारोग' बाट नेपाली समाज मुक्त छैन ?

बरू, देश कुशासन र भ्रष्टाचारको अखाडा मात्रै होइन, संगठित अपराधकै स्वर्णभूमि बनिरहेको छ । केही महिनायता जुन रफ्तारमा त्रिभुवन विमानस्थलबाट सुन तस्करी भएका घटना सार्वजनिक भएका छन्, त्यसले 'द सर्पेन्ट किलर' का रूपमा विश्वकुख्यात अपराधी चार्ल्स शोभराजको सम्झना गराइदिएको छ । उनी भन्थे, 'काठमाडौं विमानस्थलबाट म हात्ती पनि सजिलै छिराइदिन सक्छु ।' उनले भनेजस्तो काठमाडौंको विमानस्थलबाट हात्ती नै त होइन, तर टनका टन अवैध सुन, अवैध विदेशी मुद्रा, मानव तस्करी, वन्यजन्तुका आखेटोपहार, ठूलो परिमाणमा लागूऔषध ओसारपसार भइरहन्छ । पछिल्लो समय अवैध सुन भित्रिने कुरा सामान्य परिघटना हुन थालेको छ । बितेका दस वर्षमा प्रहरीले सात सय क्विन्टलभन्दा बढी तस्करीको सुन समातेको छ । छ सयभन्दा बढी मानिस त्यस क्रममा पक्राउ परेका छन् ।

जुन देशमा सुन लगायत तस्करीको साम्राज्य खडा छ, जहाँ आफ्ना नागरिकलाई शरणार्थी बनाएर बेचिन्छ, ठूलठूला भ्रष्टाचारका प्रकरण रचिन्छन्, राष्ट्रिय सम्पत्तिको बेरोकटोक दोहन भइरहन्छ, हुँदाहुँदा सामान्य नागरिकले बनिबुतो गरेर सहकारीमा जम्मा गरेको रकममा ठगहरूको रजाइँ चल्छ, संगठित तवरमा हुने यस्ता आपराधिक घटनामा उच्च प्रशासनिक र राजनीतिक नेतृत्वको संलग्नता देखिन्छ, त्यहाँ किन बन्दैन त नकारात्मक भाष्य ?

निश्चय पनि मुलुकले जलविद्युत्को विकास र विस्तारमा प्रगति गरेको छ । अठारघण्टे लोडसेडिङबाट मुक्त भएको छ । भारतसँगको विद्युत् व्यापारको सम्झौता, भारत हुँदै बंगलादेशसँग बिजुली बेच्ने प्रबन्ध आदि केही सरकारका उल्लेखनीय उपलब्धि हुन् । बितेको एक वर्षमा प्रचण्डले केकति कूटनीतिक सफलता वा विफलता पाए ? उनले असंलग्न परराष्ट्रनीतिको भाषण गरे पनि त्यो व्यवहारमा कति सार्थक बनाए ? भूराजनीतिक शक्ति सन्तुलनलाई उनले मुलुकको हितमा कति प्रयोग गरे ? त्यो कति सत्ता र पदीय आकांक्षाबाट प्रेरित रह्यो ? यी प्रश्नको बेग्लै विश्लेषण हुन सक्छ । यद्यपि भारतसँगको विद्युत् व्यापार सम्झौता प्रचण्ड सरकारको उपलब्धि हो ।

यसबाहेक सम्बोधनमा उनले विदेशी मुद्रा सञ्चिति वृद्धि, सार्वजनिक संस्थाको नाफा, आर्थिक प्रगति, बाटाघाटा निर्माण लगायतका जति पनि उपलब्धिको फेहरिस्त बताए, ती काम उनको ठाउँमा अर्को कोही प्रधानमन्त्री भएको भए पनि हुन्थे । यसअघि ओली र देउवा प्रधानमन्त्री हुँदाका सम्बोधनहरूमा समेत यी 'टाइप' का उपलब्धिको फेहरिस्त सुनिएकै हो ।

प्रचण्डले चाहेका भए बरू सुशासनका पक्षमा उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गर्न सक्थे, जसमा चुके । उनले चुनावी भाषणका दौरान र प्रधानमन्त्री भएपछि पनि २०४६ सालपछि लाभका पदमा बसेका कर्मचारी र राजनीतिक नेताहरूको सम्पत्तिको छानबिन गर्न शक्तिशाली उच्चस्तरीय आयोग बनाउने वाचा गरेका थिए । पछिल्लो समय कांग्रेस महामन्त्री गगन थापाले पनि यो माग पटकपटक गरेका छन् । तर, 'सुशासन गरेर लोकतन्त्रको सर्भिसिङ र शुद्धीकरण गरेको' गफ हाँक्ने प्रधानमन्त्रीलाई यो आयोग गठन गर्न केले रोकेको छ ? आफ्नो, परिवार र नातागोताको सम्पत्ति, लाभका पदमा बसेका आफ्नो पार्टीका नेताहरूको सम्पत्ति सार्वजनिक गर्दै अरूलाई पनि छानबिनको दायरामा ल्याउन उनलाई केले रोक्यो ? के यसमा पनि गठबन्धनका सीमा र बाधाहरू छन् ?

समाजमा नकारात्मकता बढ्यो भनेर चिन्तित प्रचण्डले यी प्रश्नमा घोत्लिने र यसलाई व्यवहारमा उतार्न सक्ने हो भने सकारात्मक भाष्य निर्माण हुन बेर लाग्दैन । तर, कूट भाषामा माहिर, आफूभन्दा पाका नेताहरूलाई खेलाई-खेलाई चार दशकदेखि अनवरत पार्टी नेतृत्वमा रहन सफल, बारम्बार शासकीय असफलताका बाबजुद 'अन्तिम अवसर' पाइरहेका यी नेता यसो गर्न तयार छैनन् । पद र शक्तिमा लिप्त हुने बानी परिसकेका, क्रान्ति, विद्रोह, समृद्धिको गफ दिइराख्ने तर परिवारवादको मोहमा चुर्लुम्म डुबेका प्रचण्ड ऐतिहासिक नजिर स्थापित गर्न सक्ने यस्ता जोखिम उठाउन तयार छैनन् । नत्र उनले सम्बोधनका क्रममा दोहोऱ्याएका कैयौं संकल्प यसअघि गरिसकेका हुन् । अहिलेको अवस्थामा मुलुकलाई साँच्चिकै सुधारको बाटोमा लाने हो भने सुशासन, आर्थिक विकास, सुरक्षा, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा व्यापक संरचनात्मक सुधारको आवश्यकता उनले नबुझेका होइनन् । तर, जुन पृष्ठभूमिबाट राजनीतिमा आए, जुन मुद्दाले उनी स्थापित भए, त्यसलाई उनले छोडिसकेका छन् । वर्गीय पृष्ठभूमि छोडेर राजसी ठाँट र परिवारवादमा उनी यसरी जडकिँदै गएका छन्, उनलाई अब 'शंकाको सुविधा' दिने ठाउँसम्म बाँकी रहेन । उनकै समकक्षी डा. बाबुराम भट्टराईकै निष्कर्ष छ, 'प्रचण्डले इतिहासले दिएको अन्तिम अवसरको ऐतिहासिक दायित्वबोध गर्न सक्नुभएन' (अनलाइन खबर) ।

निचोडमा, ऐतिहासिक अवसर पाएर पनि पटकपटक चुकेकाले राजनीतिक नेतृत्वप्रति समाज नकारात्मक बनेको हो । अरूलाई दोष थोपर्दै चिन्ता मात्रै गर्ने कि अवस्था बदल्ने ? सन् २०२४ सुरू हुँदै गर्दा आफूलाई व्यवहारमै बदल्न संकल्प (न्यु इयर रिजोलुसन) गर्ने कि, प्रधानमन्त्रीज्यू ? *इकान्तिपुरबाट*

प्रचण्डको तेस्रो कार्यकालको पहिलो वर्ष

वीणा झा

नेपालमा केही निश्चित भाग्यमानी नाम छन्, जो पालैपालो सम्मानित सार्वजनिक पदसँग जोडिन्छन् । तिनैमध्येका एक हुन्, वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड । उनको तेस्रो कार्यकालको पहिलो वर्ष भर्खरै पूरा भयो । आफू सत्तामा हुँदाका उपलब्धिका लेखाजोखा आफ्नाले गर्नु एउटा पक्ष हो भने सामाजिक संरचनाको पिँधमा रहेका भुइँमान्छेहरूको भोगाइमा आधारित अनुभूतिले उब्जेको बुझाइ अर्को पाटो हो । आज तिनै सर्वसाधारणका दैनिकीमा आधारित अनुभूतिलाई केन्द्रमा राख्दै यस आलेखमा एकवर्षे कार्यकालको निर्मम समीक्षा गर्ने प्रयास गरिएको छ ।

सार्वजनिक पदधारण गरेका व्यक्तिसँग एक सामान्य सर्वसाधारणको जत्ति व्यक्तिगत स्वतन्त्रता हुँदैन । तिनको आफ्नो जीवनप्रतिको अधिकार र स्वच्छन्दता सीमित हुन्छ । त्यसमाथि पनि देशकै प्रधानमन्त्री, जो सबैका साझा विश्वास र आस्थाका रूपमा आफूलाई स्थापित गर्ने युद्धमा होमिएको स्विकार्छन्, तिनका लागि झनै कठोर आत्मनिर्णयको आवश्यकता रहन्छ ।

गत वर्ष प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्दै गर्दा प्रचण्डका अभिव्यक्ति र ऊर्जा एक योद्धाका रूपमा देखिएको थियो । कता-कता केही आशा र सम्भावनाको सञ्चार गराएको भान पनि हुन्थ्यो । जसलाई सर्वसाधारणले पर्ख र हेरको सिद्धान्तमा रही आशावादी नजरले हेरे । तीमध्ये अधिकांश अपेक्षा पूरा भएका त देखिन्नन्, तर तिनले तुलनात्मक रूपमा आक्रामक शैलीमा केही गर्न खोजेका कतिपय सफल र असफल प्रयास भने देखिन्छ ।

एउटा अवस्था के देखिन्छ भने कुनै पनि युद्धमा जाँदा व्यक्ति एक्लै पर्याप्त हुँदैन । तिनका आवश्यक सीप, कौशल, विश्व परिवेश अनि उचित हतियार महत्वपूर्ण हुन्छन् । यसतर्फ प्रधानमन्त्री दाहालको ध्यान पुगेन वा गर्न चाहेनन्, त्यो अलग विषय बन्ला । तर, नेपालको राजनीतिमा अति नै खाँचो रहेको राजनीतिक सुसंस्कारको सुरूवातको छनक तिनको एक वर्षको कार्यकालमा भेटिएन ।

समाज र सरकारबीच चिरा परेको सम्बन्धलाई जोड्न खासै प्रयास गरेको देखिएन । अन्य राजनीतिक दलभन्दा माओवादीका जनप्रतिनिधिबाट समाजले थप अपेक्षा गरेको हुन्छ, किनकि लामो युद्धका वेला समाजका भौतिक संरचना मात्रै होइन, सामाजिक सम्बन्ध पनि तहसनहस भएकाले त्यसको पुनर्निर्माण गर्ने मुख्य जिम्मेवारी पनि तिनैको हो भन्ने सामाजिक अपेक्षा पनि जोडिएको छ ।

भत्किएर जीर्ण भएका आस्था र विश्वासका सम्बन्धहरू यदि पुनर्निर्माण नगर्ने हो भने जतिसुकै भौतिक संरचना र आर्थिक वृद्धि गरिए पनि स्वस्थ समाज निर्माण हुन सक्दैन । देश सामान्य राजनीतिक अवस्थामा फर्किनासाथ आँखाले नदेखिने समाजका अभौतिक संरचनालाई विशेष प्राथमिकता दिँदै निर्माणको सही प्रयास गरिनुपर्थ्यो । तर, विगतझैँ यसपालि पनि त्यसतर्फ खासै ध्यान पुगेको देखिएन ।

भनिन्छ, जति बढी जिम्मेवारी बोकेका नेतृत्व तहमा बसेका व्यक्तित्व हुन्छन्, तिनमा उच्च तहको भावनात्मक बौद्धिकता हुनैपर्छ । किनकि, भावनात्मक सम्बन्धविना सफल नेतृत्व हुन सक्दैन । यो कुरा वेलाबखतमा प्रधानमन्त्री प्रचण्डका अभिव्यक्तिमा झल्किन्छ, तर तिनले के बिर्सेका हुन्छन् भने अनुभूति गर्न पाइन्छ, तर सर्वसाधारणले जस्तो त्यसको अभिव्यक्त गर्न छुट तिनलाई हुँदैन । मानवीय स्वभाव सामान्य हो, तर त्यसका अभिव्यक्ति पदीय दायित्वअनुसार फरक-फरक हुने गर्छ, त्यसमा उनी यसपटक पनि चुकेका छन् ।

समाजको अपेक्षा बुझ्दै सच्चिँदै जानुको विकल्प छैन । किनकि, भोगाइ, बुझाइ र समाजसँग उपलब्ध उदाहरणले नै हो समाजमा नयाँ भाष्य निर्माण गर्ने र पुराना, स्थापित तथा असान्दर्भिक भाष्यलाई परिमार्जन वा विस्थापन गर्ने । समाजको सोच र मनोवृत्ति परिवर्तन गर्न सक्ने क्षमता राजनीतिमा हुन्छ । यदि सक्षम नेतृत्व पायो भने त्यसले समाजको मनोवृत्ति, अपेक्षा र सोचको प्रकृतिलाई सही आकार दिन्छ, समाजलाई सशक्तीकरणतर्फ डोऱ्याउँछ । पछिल्लो एक वर्षमा पार्टीगत आन्तरिक र बाह्य कार्यशैलीदेखि लिएर दृष्टिकोण निर्माणमा सामाजिक अपेक्षाअनुरूपको परिमार्जन देखिएन । दलमा आबद्ध विषयविज्ञका सुझावभन्दा माथि उठेर निर्मम समीक्षा गराउन अक्षम रहे ।

सत्तामा को छ र को प्रतिपक्षमा छ भन्ने विषय समाजका पिँधमा रहेका सर्वसाधारणलाई खासै चासो हुँदैन । तिनले सरकारको अनुभूति गर्ने भनेको आफ्नो दैनिकीको भोगाइमा हो, जहाँ तिनले राज्यका विभिन्न निकायमा पाउने सुविधा र व्यवहारमा सरकारको उपस्थितिको अनुभूति गरिरहेका हुन्छन् । नेपालका स्थापित दलहरूको राजनीतिक संस्कार नै जुट्नु, फुट्नु, असहयोग गर्नु वा विरोध गर्नु हो भन्ने गलत भाष्य स्थापित हुँदै गएको अवस्थामा सरकारले त्यसमाथि कुनै पनि चुनौती दिन सकेन ।

कुनै पनि क्षेत्रमा समृद्धिका लागि संस्कार आवश्यक हुन्छ र राजनीतिक दलहरूको जुन परिमार्जित संस्कारको अपेक्षा समाजले गरेको थियो, सरकारले त्यो अनुभूति गराउन सकेन । पदीय भागबन्डाको निरन्तरतादेखि लिएर उपलब्धिविहीन भ्रमणको निरन्तरता यथावत् रह्यो । सभा समारोहको उद्घाटन र रिबन काट्ने मोहलाई प्रधानमन्त्रीदेखि मन्त्रीहरूले त्याग्न सकेनन् । हरेक तहको भ्रष्टाचार अन्त्य गर्न सरकार निष्पक्ष, सबल र सक्षम छ भन्ने अनुभूति शब्दमा गराउने प्रयास गरे पनि समाजलाई उदाहरण दिन सकेनन् ।

आफ्नो वरिपरि बसेर आत्ममुग्धतामा रमाउने बलियो समूहलाई छिचोल्दै समाजको वास्तविक चित्र आफ्नै आँखाले हेर्ने प्रयास गरेको अनुभूति सर्वसाधारणले गर्न सकेनन् । समाजको पिँधको आवश्यकता पहिचान र त्यसको सही समाधानबारे एक वर्षमा कुनै अनुभव गराउन सकेनन् । यहाँसम्म कि समाजलाई सरकारप्रति सकारात्मक सोचको विकास गराउन सुरूवातकै लागि भए पनि सरकारी सेवा सुविधा प्राप्त गर्ने व्यक्तिका सन्ततिलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनुपर्ने बाध्यकारी कानुनी व्यवस्था गर्न सक्नुपर्थ्यो । तर, त्यस्तो कुनै छनक देखिएन ।

हुन त व्यक्तिवादी सोच हाबी रहेको अतिवादले ग्रसित हुँदै गरेको सामाजिक मनोवृत्ति तथा जीर्ण राजनीतिक संस्कारको बोलवाला रहेको वर्तमानमा जहाँ राजनीतिक दलहरू सार्वजनिक हितभन्दा पनि एक-अर्कासँग झुट, छल, धोका र लोकरिझ्याइँमा रमाउने प्रवृत्तिमा लिप्त छन्, त्यहाँ तिनको एक्लो प्रयासले सामूहिक राजनीतिक संस्कारमा रूपान्तरण गर्न कतिको सहज होला ? त्यो आफैँमा अहं प्रश्न बनेको छ ।

प्रधानमन्त्री दाहालले सरकारले एक वर्ष पूरा गरेको अवसरमा देसवासीका नाममा गरेका सम्बोधनमा केही महत्वपूर्ण योजना, कार्यक्रम र व्यवहारगत परिमार्जनबारे घोषणा गरेका छन् । तर, अधिकांश घोषणा प्रायः अमूर्त खालका छन्, जसका निश्चित मापक निर्धारण गर्न कठिन छ । जस्तो कि पूर्वनिर्धारित र अपरिहार्यबाहेक कुनै पनि कार्यक्रममा नजाने, '८० को दशक तीव्र विकासको दशक घोषणा गर्ने' इत्यादि ।

आँकडामा देखिने विकास र भुइँमान्छेको दैनिकीमा अनुभूति गर्न सकिने सहजता तथा सकारात्मक परिवर्तन यी दुवै फरक विषय हुन् । त्यसैगरी कार्यक्षमता कमजोर भएका राजदूत र नियोग प्रमुख फिर्ता बोलाउने, परिणाम दिन नसक्ने मन्त्रीलाई पदमुक्त गर्नेजस्ता विषय घोषणा गर्नुपर्ने विषय नै होइनन् । यी त प्रभावकारी कार्यान्वयनका पक्ष हुन् । आफ्नो देशका प्रधानमन्त्रीको कार्यकाल अत्यधिक प्रभावकारी रहोस् भन्ने चाहना कसको हुँदैन र ? तर, त्यो प्रभावकारिता समाजको पिँधबाट कस्तो देखिन्छ, त्यो असाध्यै महत्वपूर्ण हुन्छ । त्यसैले यस्ता सम्मानित व्यक्तित्वले घोषणा गर्ने कार्यक्रम अमूर्त हुनुहुँदैन । स्पस्ट र निष्पक्ष रूपले मापन गर्न सकिने खालको हुनुपर्छ । कुन क्षेत्रमा कुन उत्पादन कतिसम्म बढाउने ? विभिन्न कार्यक्रम घोषणा गर्दै गर्दा अब ग्रामिणीकरण अर्थात् गाउँमा बस्ती बढाउन के गर्ने ? गाउँलाई राजनीतिक गतिविधिको केन्द्र, अनुसन्धानको केन्द्र, कृषि उत्पादन र उद्यमीहरूको आकर्षणको केन्द्र बनाउँदै त्यहाँ बाँच्ने जीवनहरूले ठूलो सपना देख्न आँट गर्न सक्ने पूर्वाधार निर्माण गर्छु भन्ने ठोस योजना आएन ।

त्यसैगरी विश्वविद्यालयलाई राजनीतिक भागबन्डाबाट मुक्त बनाउने भन्दै गर्दा भागबन्डामा गरिएका नियुक्तिलाई के गर्ने ? अनि विद्यार्थी नेताको व्यवस्थापनलाई कसरी व्यवस्थित गर्ने भन्ने पक्ष अस्पष्ट छन् । अहिले नेपालमा सबैभन्दा बढी खेतीयोग्य जमिन बाँझो छ । कसरी कर्पोरेसन र मेसिनले सम्पूर्ण खेतीयोग्य जग्गामा उत्पादन गर्ने, कुन क्षेत्रमा केको उत्पादन बढाउने र कति निर्यात गर्ने भन्नुपर्नेमा कृषि लगानी दशक (०८१-०९१) घोषणा गर्ने भनिएको छ । सबै प्रकारका कृषि अनुदानलाई यसै आर्थिक वर्षभित्र एकीकृत गरी आगामी वर्षदेखि किसानको सूचीकरणका आधारमा अनुदान तथा मल वितरण सुरू गर्ने भनिरहँदा कृषि अनुदानका नाममा राजनीतिक कार्यकर्ताकेन्द्रित विगतका विकृति हटाउने कुनै कार्यक्रम आएन ।

प्रमुख खाद्यान्न तथा तरकारीमा 'उत्पादनमा आधारित अनुदान प्रणाली' लागू गर्ने भनिए पनि मूर्त योजना देखिएन । आगामी असार मसान्तसम्म ३० वटा प्रयोगशालासहितको एकीकृत कृषि तथा पशुसेवा केन्द्र निर्माण सम्पन्न गर्ने भनिए पनि भएका आधारको सञ्चालन र संवर्द्धनबारे पनि सम्बोधन मौन देखिन्छ । कृषि कर्म छाडेर अरू छुट्टाछुट्टै पेसा गर्ने मान्छेका लागि पनि गाउँमा सम्भावना दिन सक्ने कार्यक्रम देखिएन । ग्रामीण क्षेत्र पुनर्जागरण गर्नेबारे योजना आएन । खेतबारी बालीविहीन भइसक्यो । खेती गर्ने सबैजसो किसान झन्झन् कमजोर र गरिब भए । कृषि उत्पादनको हर्ताकर्ताका रूपमा बिचौलिया स्थापित हुँदै गए । त्यसबारे सरकारको योजना के हो, यसबारे खोइ त प्रधानमन्त्रीको ध्यान गएको ?

राष्ट्रिय बौद्धिक चिन्तकहरूको पहिचान र सार्वजनिक हितका लागि तिनको बौद्धिकताको उपयोग र आत्ममूल्यांकनका लागि आफ्नै दानापानीमा हुर्केका विशेषज्ञको विश्लेषणभन्दा पनि तथ्यमा आधारित निर्मम समीक्षा गर्न सक्ने क्षमतावान् विश्लेषकको विश्लेषण आवश्यक छ । समाजको पिँधमा रहेका सर्वसाधारणको दैनिकीमा आएको परिवर्तनलाई मापक बनाउने र समाजको सशक्तीकरणका लागि भरपर्दो योजना आउनुपर्थ्यो । यसका लागि राजधानीका तारे होटेलहरूमा बनेका विकास योजनाभन्दा समाजको पिँधको संरचनामा रहेका आवश्यकताकेन्द्रित कार्ययोजना र तिनको प्रभावकारी कार्यान्वयन जरूरी हुन्छ ।

राज्यका लगभग हरेक निकायमा उम्रेका राजनीतिक वनझारहरूको जरा सुकाउने अभियानको सुरूवात आफ्नैबाट गर्न सकिन्छ । अनि, मिसन ८४ को नाममा नानाभाँती लोकरिझ्याइँभन्दा परिणामगत कार्यको अनुभूति समाजको पिँधका वर्गले गर्न सक्ने अवस्था सिर्जना गर्न सकियो भने बल्ल समाजको स्वीकार्यता र विश्वास बढ्दै जाने सम्भावना रहन्छ । तर, त्यसका लागि आफू र आफ्नाप्रति निर्मम रही आलाप र विलापभन्दा माथि उठ्न सक्नुपर्छ । अब बितेका दिन त फर्किँदैनन् । तर, आउँदा दिनका लागि यस्तो सुरूवात होला त? *नयाँ पत्रिका*

> प्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्दै गर्दा प्रचण्डका अभिव्यक्ति र ऊर्जा एक योद्धाका रूपमा देखिएको थियो। कता-कता केही आशा र सम्भावनाको सञ्चार गराएको भान पनि हुन्थ्यो। जसलाई सर्वसाधारणले पर्ख र हेरको सिद्धान्तमा रही आशावादी नजरले हेरे। तीमध्ये अधिकांश अपेक्षा पूरा भएका त देखिन्नन्, तर तिनले तुलनात्मक रूपमा आक्रामक शैलीमा केही गर्न खोजेका कतिपय सफल र असफल प्रयास भने देखिन्छ।

ग्लोबल आइएमई बैंक १८ औं वर्षमा

काठमाडौं । चुक्ता पुँजी, निक्षेप संकलन, कर्जा प्रवाहलगायतका वित्तीय सूचकका आधारमा नेपालको सबैभन्दा ठूलो बैंकका रूपमा रहेको 'ग्लोबल आइएमई बैंक लिमिटेड' १८औँ वर्षमा प्रवेश गर्दै छ । यही १७ पुसमा बैंक लिमिटेड १७औँ वर्ष पार गरेर १८औँ वर्षमा प्रवेश गर्न लागेको हो । ०६३ मा ग्लोबल बैंक लिमिटेडको नामबाट स्थापना भएकोमा हाल ग्लोबल आइएमई बैंकको नाममा सञ्चालित छ ।

गत असोज मसान्तसम्म बैंकको चुक्ता पुँजी ३५ अर्ब ७७ करोड (गत आवको बोनस लाभांशसहित ३६ अर्ब १२ करोड), कर्जा प्रवाह तीन खर्ब ७० अर्ब ७३ करोड र निक्षेप संकलन चार खर्ब ४३ अर्ब १६ लाख रहेको छ, यो अन्य १९ वाणिज्य बैंकको तुलनामा सबैभन्दा बढी हो । बैंकको कुल सम्पत्ति पनि सबैभन्दा धेरै छ । गत असोज मसान्तसम्म बैंकको कुल सम्पत्ति पाँच खर्ब ४६ अर्ब २६ करोड ६२ लाख रूपैयाँ रहेको छ । वाणिज्य बैंकहरूमध्ये ग्लोबल आइएमई कर्जा विस्तारमा ८.४२ प्रतिशत र निक्षेप संकलनमा ८.५९ प्रतिशत बजार हिस्सा छ । बैंकले चालू आवको पहिलो तीन महिनामा सरकारलाई ५५ करोड ३६ लाख ७६ हजार आयकर बुझाएको छ, गत आवमा भने दुई अर्ब ८५ करोड चार लाख आयकर बुझाएको थियो ।

हाल बैंकले नेपालका ७७ वटै जिल्लामा तीन सय ५५ शाखा, तीन सय ७९ एटिएम, दुई सय ७४ शाखारहित बैंकिङ, ६५ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीन अन्तर्राष्ट्रिय सम्पर्क वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिँदै आएको छ । बैंकमा कार्यरत करिब चार हजार कर्मचारीले ४५ लाखभन्दा बढी ग्राहकलाई प्रत्यक्ष सेवा प्रदान गर्दै आएको छ ।

०६३ सालमा 'क' वर्गको बैंकका रूपमा इजाजत प्राप्त । ०६९ मा आइएमई फाइनान्सियल इन्स्टिच्युसन लिमिटेड र लर्ड बुद्ध फाइनान्सलाई गाभेर 'ग्लोबल आइएमई बैंक लिमिटेड'को नामबाट कारोबार सुरू गरेको हो । ०६९/७० मा सोसियल डेभलपमेन्ट बैंक र गुल्मी विकास बैंक गाभिए । आव ०७०/७१ मा कमर्स एन्ड ट्रस्ट बैंक नेपाल मर्ज । ०७४ को अन्त्यमा प्यासिफक डेभलपमेन्ट बैंक र रिलायबल डेभलपमेन्ट बैंक गाभिए । आव ०७६/७७ मा हाथवे फाइनान्स र जनता बैंक नेपाल लिमिटेड गाभिए । ०७९/८० मा बैंक अफ काठमाण्डू मर्ज ।

वार्षिकोत्सवका विभिन्न योजना

बैंकले वार्षिकोत्सवको अवसरमा कार्ड तथा मोबाइल बैंकिङमार्फत गरिने कारोबारमा १७ प्रतिशतसम्म छुट तथा एक हजार रूपैयाँसम्म क्यासब्याक दिने योजना पनि ल्याएको छ । साथै, नयाँ खाता खोली ग्लोबल स्मार्ट प्लस प्रयोग गर्ने ग्राहकले एसएमएसमा प्राप्त प्रोमो कोड प्रयोग गरी पहिलोपटकको क्युआर कारोबार तथा मोबाइल रिचार्जमा १७ प्रतिशत वा अधिकतम एक सय ७० रूपैयाँसम्मको छुट प्रदान गर्ने योजना पनि ल्याइएको छ । बैंकले वार्षिकोत्सवको अवसरमा सिएसआरअन्तर्गत मेरी उनीलाई स्वस्थ नारी पहल अभियान सञ्चालन गरेको छ । अभियानअन्तर्गत बैंकले नेपाल परिवार नियोजन संघसँगको सहकार्यमा सातवटै प्रदेशहरूमा एकदिने निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गर्न गइरहेको छ ।

शिविरमा स्त्रीरोगविज्ञले स्त्रीरोगसम्बन्धी विभिन्न सेवाहरू, महिलाको स्वास्थ्य परीक्षण, पाठेघरको क्यान्सर (भिआइए) परीक्षण, गर्भाशय प्रोल्याप्स केसको उपचार, औषधि वितरणलगायतका सेवाहरू निःशुल्क रूपमा उपलब्ध हुनेछन् । प्रत्येक शिविरबाट पाठेघरको क्यान्सरको प्रारम्भिक लक्षण पत्ता लागेको र पाठेघरको क्यान्सरको गम्भीर बिरामी पहिचान गर्नेछ, जसलाई स्वस्थ नारी पहल कार्यक्रमको दोस्रो चरणमा शल्यक्रिया गरी उपचार गरिनेछ ।

बैंकले ४ पुसमा सुदूरपश्चिम प्रदेशमा बाजुरा जिल्लाको गौमुल गाउँपालिकाको दहकोट स्वास्थ्य चौकीमा स्वास्थ्य शिविर सञ्चालन गरिसकेको छ । गत शुक्रबार बागमती प्रदेशको भरतपुर महानगरपालिकाको गौरीगन्ज स्वास्थ्य चौकीमा पनि शिविर सञ्चालन गरिसकिएको छ । अब लुम्बिनी प्रदेशमा रैनादेवी छहरा गाउँपालिकाको छहरा स्वास्थ्य चौकीमा १७ पुस, कर्णाली प्रदेशमा वीरेन्द्रनगर नगरपालिको जर्बुट्टा स्वास्थ्य चौकीमा १८ पुस, गण्डकी प्रदेशमा म्याग्दीस्थित अन्नपूर्ण गाउँपालिकाको पोखरे बजारको आधारभूत विद्यालयमा २१ पुस र कोशी प्रदेशमा इलाम नगरपालिकाको मलाटे स्वास्थ्य चौकीमा २८ पुसमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारी छ ।

सामाजिक उत्तरदायित्व

स्थापनाकालदेखि बैंकले सामाजिक उत्तरदायित्वसम्बन्धी काम पनि गर्दै आएको छ । ०७२ सालको भूकम्पमा यो बैंकले ५० लाख रूपैयाँ सरकारको राहत कोषमा जम्मा गरेको थियो । कोरोना राहत कोषमा पनि यस बैंकले १० लाख रूपैयाँ प्रदान गरेको थियो । यसै वर्षको जाजरकोटमा गएको भूकम्पमा पनि यो बैंकसहित आइएमई समूहले एक करोड ५० लाख रूपैयाँ राहत प्रदान गरेको छ ।

बैंकले हरेक वर्ष स्वास्थ्य, शिक्षा, वित्तीय साक्षरता, सांस्कृतिक तथा वातावरण संरक्षण, प्राकृतिक विपत्ति तथा उपभोक्ता संरक्षण, नेपालको दिगो विकास लक्ष्य, डिजिटल प्रडक्ट प्रवर्द्धनमा सामाजिक उत्तरदायित्व (सिएसआर) कोषको पैसा खर्च गर्दै गरेको देखिन्छ ।

भावी योजना

बैंकले अबका दिनमा प्रविधिमा आधारित नयाँ सेवाहरूको विकास गर्ने, निक्षेप तथा कर्जाको विविधीकरण गर्ने आयआर्जनका नयाँ क्षेत्रहरू विस्तार तथा निक्षेप परिचालनमा जोड दिने, पुँजीकोष वृद्धि गर्नेलगायतका योजना बनाएको छ । ग्राहक तथा सम्पूर्ण सरोकारवालाको आवश्यकता र अपेक्षा पूरा गर्दै देशको सन्तुलित आर्थिक-सामाजिक रूपान्तरण गर्ने सरकारको प्रयासलाई टेवा पुऱ्याउनेसमेत लक्ष्य लिएको बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए ।

सहरी जनसंख्या २७.०७ प्रतिशत पुग्यो

पछिल्लो १० वर्षमा सहरी जनसंख्या बढेर कुल जनसंख्याको २७.०७ प्रतिशत पुगेको छ । ०६८ को जनगणनाको तुलनामा ०७८ मा सहरी जनसंख्या बढेको राष्ट्रिय तथ्यांक कार्यालयले जानकारी दिएको छ । कार्यालयले ग्रामीण तथा सहरी क्षेत्रमा वर्गीकरणको प्रतिवेदन सार्वजनिक गर्दै जनगणना ०६८ र ०७८ को बीचमा सहरी जनसंख्या २२.३१ प्रतिशतबाट बढेर २७.०७ पुगेको बताइएको छ । त्यसैगरी, सहरोन्मुख जनसंख्या ३९.१९ प्रतिशतबाट बढेर ३९.७५ प्रतिशत पुगेको तथ्यांकले देखाएको छ । प्रतिवेदनमा भनिएको छ, 'पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्र ३८.५ प्रतिशतबाट ३३.१९ प्रतिशतमा झरेको देखिन्छ ।'

प्रतिवेदनअनुसार विशेषताका आधारमा सहरोन्मुख क्षेत्र मानिएको स्थानमा अझै पनि जनसंख्याको ठूलो हिस्सा बसोवास गरेको देखिन्छ । ग्रामीण जनसंख्या अझै पनि एकतिहाइ छ । प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा बसाइँसराइले व्यवस्थापन गर्न कठिनाइ भएको प्रतिवेदनमा जनाएको छ । त्यस्तै, ग्रामीण क्षेत्रमा बसाइँसराइ कम गर्न दबाब परेको देखिएको उल्लेख छ ।

भौगोलिक क्षेत्रका आधारमा ग्रामीण जनसंख्या पहाडमा ६६ प्रतिशत छ । हिमालमा १६ प्रतिशत जनसंख्या रहेको प्रतिवेदनमा उल्लेख छ । सहरोन्मुख जनसंख्या तराई क्षेत्रमा ८५ प्रतिशत रहेको उल्लेख छ । पोखरा महानगरपालिका र काठमाडौंका उपत्यकाका कारण असन्तुलित हुँदै सहरी जनसंख्या पहाडमा ५३ प्रतिशत र त्यसपछि तराईमा ३९ प्रतिशतमा केन्द्रित भएको देखिएको छ ।

महानगरपालिकामा १७ प्रतिशत सहरोन्मुख क्षेत्र रहेको तथा २.३ प्रतिशत ग्रामीण विशेषताको र ८०.७ प्रतिशत सहरी क्षेत्र रहेको तथ्यांकमा उल्लेख छ । गाउँपालिकाको दुई हजार चार सय १२ वडामा ५८ प्रतिशत जनसंख्या ग्रामीण क्षेत्र रहेको देखिन्छ । जबकि, अधिकतम सहरोन्मुख ६ सय ६४ वडामा ३६.१ प्रतिशत र सहरकेन्द्रित एक सय ३९ वडामा ५.९ प्रतिशत जनसंख्या रहेको देखिन्छ ।

त्यस्तै, नगरपालिकाको २८.४ प्रतिशत जनसंख्या सहरी क्षेत्रमा पाँच सय ९१ वडा, करिब ४६ प्रतिशत सहरोन्मुख क्षेत्रमा १२ सय ८५ वडा र अझै पनि २५.४ प्रतिशत १२ सय ४४ वडा ग्रामीण क्षेत्रमा रहेको प्रतिवेदनले देखाएको छ । उपमहानगरपालिकामा पनि ३९ प्रतिशत जनसंख्या सहरोन्मुख विशेषताका क्षेत्रमा र ५३ प्रतिशत सहरी वर्गीकरणको क्षेत्रमा बसोवास गर्ने गरेको देखिन्छ । नगरपालिका भए पनि बसोवास क्षेत्रको मुख्य विशेषता अझै पनि सहरोन्मुख नै रहेको तथ्यांकले देखाउँछ । त्यसैगरी, सहरी र सहरोन्मुख क्षेत्रको तुलनामा गाउँपालिकाका वडाहरूको संख्या धेरै तीन हजार ६ सय ८५ छ । ती क्षेत्रमा कुल जनसंख्याको ३३ प्रतिशत बसोवास गर्ने देखिन्छ ।

खेलकुद

ललितपुर बन्यो नेपाल सुपर लिगको नयाँ च्याम्पियन

साबिक उपविजेता धनगढी एफसीलाई ३-२ ले हराउँदै ललितपुर सिटी एफसी नेपाल सुपर लिग (एनएसएल)को नयाँ च्याम्पियन बनेको छ । शनिबार सम्पन्न फाइनलमा ललितपुरले सानदार जित निकालेको हो । ललितपुर दोस्रो प्रयासमा च्याम्पियन बन्यो । पहिलो संस्करणमा इलिमिनेटरबाट बाहिरिएको थियो ।

ललितपुरको जितमा नाइजेरियन स्ट्राइकर इमोह इजेकेलले दुई तथा दिनेश हेन्जनले एक गोल गरेका थिए । धनगढीका लागि नाइजेरियन स्ट्राइकर आफिज ओलावाले ओलादिपो र लेवानानी खेलाडी मोहम्मद हिजाजीले समान एक गोल गरेका हुन् । हिजाजीले इन्जुरी समयमा गोल गरे पनि त्यो जित्न पर्याप्त बनेन । जितसँगै ललितपुरले ७० लाख प्राप्त गरेको छ । धनगढीले २० लाख रूपैयाँमा चित्त बुझायो । धनगढी लगातार फाइलनमा स्थान बनाएर पनि उपाधिविहीन भएको छ । गत सिजन धनगढी फाइनलमै काठमाडौं रेजर्ससँग १-० ले पराजित भएको थियो । धनगढी तालिकाको दोस्रो स्थानमा रहेर यसपटक पहिलो क्वालिफायर्स खेल्यो । पोखरालाई पेनाल्टी सुटआउटमा ४-३ ले हराउँदै उपाधि नजिक पुगेको हो ।

इलिमिनेटरमा ललितपुरले काठमाडौंलाई ३-० ले हराएको थियो । दोस्रो क्वालिफायर्समा पोखरालाई २-१ ले हराउँदै धनगढीसँग भेट पक्का गरेको हो । नयाँ टोली झापा पाँचौं, बुटवल लुम्बिनी छैटौं, एफसी चितवन सातौं, नयाँ टोलीद्वय वीरगन्ज युनाइटेड आठौं र स्पोर्टिङ इलाम नवौं स्थानमा रहेर सुपर लिग टुंगाएका छन् ।

ललितपुरको जितमा इमोहले दुई गोल गरेका थिए । उनले पहिलो हाफ र दोस्रो हाफमा समान एक गोल गरेका हुन् । यद्यपि, खेलमा अग्रता भने धनगढीले बनाएको थियो । सुपर लिगको ४०औं खेलको ३८औं मिनेटमा आफिजले धनगढीलाई अग्रता दिलाए । लेफ्ट साइडबाट हिजाजीको प्रहार फ्रान्सेली गोलकिपर जेफेरी मार्सेलले बचाए । तर, नियन्त्रण गर्न नसक्दा अनमार्क रहेका आफिजले खाली पोस्टमा बललाई जाली चुमाएका हुन् ।

पहिलो हाफको इन्जुरी १० मिनेटको अन्तिम सेकेन्ड बाँकी रहँदा इमोहले बराबरी गोल फर्काएका हुन् । लगभग २५ यार्डमा पाएको फ्रिकिकलाई सानदार गोल गर्दै इमोहले ललितपुरको आशा फर्काएका थिए । ५०औं मिनेटमा दिनेशको गोलबाट ललितपुर २-१ को अग्रता बनाउन सफल भयो । ५८औं मिनेटमा इमोहलको गोलबाट ललितपुरले ३-१ को अग्रता बनायो । रक्षक रिचार्डले दिनेशको प्रहार रोके पनि पापा केबेले रिबाउन्ड बललाई इमोहसम्म पुऱ्याएका थिए । इमोहको एक्रोबेटिक सट गोलकिपर टाहालाई लाग्दै जाली चुमेको थियो । ३-१ ले पछि रहेको धनगढीलाई हिजाजीले इन्जुरी समयको अन्तिम मिनेटमा गोल गरे पनि जित दिलाउन पर्याप्त रह्यो । ७९औं मिनेटमा धनगढी दश खेलाडीमा सीमित बन्यो ।

ललितपुरलाई पहिलोपटक च्याम्पियन बनाएका कप्तान तथा मार्की अनन्त तामाङ दोस्रो संस्करणको सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। उनले दुई लाख रूपैयाँ प्राप्त गरे । ललितपुरकै फ्रान्सेली गोलकिपर जेफेरी उत्कृष्ट गोलकिपर घोषित भए । स्ट्राइकर इमो ६ गोलसहित सर्वाधिक गोलकर्ता चुनिए । उदीयमान खेलाडीको पुरस्कार धनगढीका मिडफिल्डर रोहन कार्कीले प्राप्त गरेका छन् । नयाँ टोली वीरगंज युनाइटेड फेयर प्ले चुनियो ।

एपिएफ पाँचौंपटक पिएम कप च्याम्पियन

कोशी प्रदेशलाई ११ रनले हराउँदै विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले पाँचौंपटक प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । एपिएफले अपराजित यात्रा कायम राख्दै उपाधि जितेको हो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधबार भएको फाइनलमा एपिएफले पहिलो ब्याटिङ गर्दै ११५ रनको लक्ष्य प्रस्तुत गरेको थियो ।

प्रत्युत्तरमा कोशीले निर्धारित २० ओभरमा चार विकेट गुमाएर मात्र १०३ रन जोड्यो । एपिएफले यसअघि सन् २०१७, २०१८, २०१९ र २०२२ मा उपाधि जितेको थियो । प्रतियोगितामा एपिएफसँग कोशीको यो तेस्रो हार हो । एपिएफले कोशीलाई लिग चरणमा ९२ तथा पहिलो क्वालिफायर्समा ५२ रनले हराएको थियो । उपाधिसँगै एपिएफले पाँच लाख तथा उपविजेता कोशीले तीन लाख रूपैयाँ पाएका छन् ।

कोशीकी ओपनर तथा कप्तान रूविना क्षेत्रीले अर्धशतकीय इनिङ्स खेले पनि टोलीलाई उपाधि जिताउन सकिनन् । उनले सर्वाधिक ६२ रन बनाउन ५८ बलमा सात चौका र एक छक्का प्रहार गरिन् । विकेटकिपरसमेत रहेकी काजोल श्रेष्ठले २२ रन जोडिन् । यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । एपिएफकी कप्तान सीता रानामगर र करूणा भण्डारीले समान एक विकेट हात पारेका थिए ।

इन्दु बर्माको अर्धशतकको सहयोगमा एपिएफले टस जितेर ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाएर ११४ रनको योगफल बनायो । इन्दुले ४७ बलमा ६ चौका र एक छक्कासहित सर्वाधिक ५३ रन बनाइन् । ओपनर ज्योति पाण्डेले २७ र रोमा थापाले १४ रन बनाए । अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । कोशीकी अप्सरी वेगमले ह्याट्रिक विकेट लिइन्। चार ओभर बलिङ गरेकी अप्सरीले २१ रन खर्चिंदै तीन विकेट लिएकी हुन्।

कोशी प्रदेशकी रूविना क्षेत्री प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भएकी छिन् । उत्कृष्ट ब्याट्सम्यान गण्डकीकी सुमन खतिवडा, उत्कृष्ट बलर मधेश प्रदेशकी पूजा महतो चुनिइन् ।

कर्पोरेट

● ग्लोबल आइएमईले गऱ्यो २५३ कर्मचारीलाई सम्मान

ग्लोबल आइएमई बैंक लिमिटेडले स्थापनाको १७औं वार्षिकोत्सवको अवसर पारेर बैंकमा १५ वर्ष सेवा पूरा गरेका २५३ कर्मचारीलाई सम्मान गरेको छ । बैंकले आयोजना गरेको विशेष कार्यक्रममा ग्लोबल आइएमईका अध्यक्षसमेत रहेका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले कर्मचारीहरूलाई सम्मान गरेका हुन् ।

अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले मर्जर र व्यवसाय विस्तारसँगै बैंकको गुणस्तर वृद्धिलाई ध्यानमा राख्दै ग्राहकको सेवा तथा सन्तुष्टिलाई प्राथमिकतामा राखेर बैंकको सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने बताए । बैंक स्थापनाको १७ वर्षमा आफूलाई अधिकांश वित्तीय सूचकमा अब्बल बनाउन सफल रहेको उनको दाबी थियो । कर्मचारीको अथक मिहिनेत र लगनशीलताका कारण बैंक अहिलेको अवस्थासम्म आइपुगेको अध्यक्ष ढकालले बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले बैंकले आफ्नो सेवालाई नवीनतम तथा ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिने गरी लक्ष्य निर्धारण गरेर अगाडि बढेको बताए । बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बैंकले आगामी वर्षहरूमा ग्राहकको सेवा र सन्तुष्टिलाई ध्यानमा राख्दै अझ गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

● नेपाल एसबिआईको १०.५५ प्रतिशत लाभांश प्रस्ताव पारित

नेपाल एसबिआई बैंकले ३.७५ प्रतिशत बोनस सेयर र ६.८० प्रतिशत नगद लाभांश गरी कुल १०.५५ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ । शुक्रबार भएको बैंकको ३० औं वार्षिक साधारणसभाले ०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनसहित वार्षिक आर्थिक विवरण पनि पारित गरेको छ ।

साधारणसभाले बैंकको सहायक कम्पनी 'नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड'को आव ०७९/८० को वित्तीय विवरणसहितको एकीकृत वित्तीय विवरणसमेत स्वीकृत गऱ्यो ।

सभाले आव ०८०/८१ मा बैंकको लेखापरीक्षण गर्नका लागि मेसर्स पिकेएफ टिआर उपाध्याय एन्ड कं, चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षकमा नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरेको छ । साथै, उक्त सभाले बैंकको प्रबन्धपत्रका विभिन्न दफामा संशोधन गर्ने प्रस्तावसमेत पारित गरेको छ ।

● आइएमई पे प्रयोगकर्ताले एजुकेसन पार्कमा छुट पाउने

डिजिटल वालेट 'आइएमई पे' र एजुकेसन पार्कबीच आइइएलटिएस र पिटिईको तयारी कक्षामा ५० प्रतिशत छुट दिने सम्झौता भएको छ ।

काठमाडौंको सिभिल मल आठौं तलामा रहेको एजुकेसन पार्कमा आइइएलटिएस र पिटिईको तयारी कक्षा लिन इच्छुक विद्यार्थीले आइएमई पेमार्फत कक्षाको शुल्क भुक्तानी गर्दा छुट पाउने सम्झौता भएको हो । योजना तीन महिनासम्म लागू हुने कम्पनीले जनाएको छ । एजुकेसन पार्क र आइएमई पेबीचको यो योजनाले उक्त कक्षा लिन चाहने विद्यार्थीहरूलाई अझ सहज हुने कम्पनीले विश्वास व्यक्त गरेको छ । योजनाको अवधि तीन महिनाको भए तापनि पहिला कक्षा बुक गर्ने विद्यार्थीले आफ्नो समयअनुसारको कक्षाको छनोट गर्न सक्ने जनाइएको छ ।

● एभरेष्ट बैंकका ग्राहकलाई एएसजी आई केयर हेल्थ सर्भिसमा छुट

एभरेष्ट बैंक लिमिटेड र एएसजीआई केयर हेल्थ सर्भिसेज प्रालिबीच सम्झौता भएको छ । बैंक र नयाँबानेश्वरमा रहेको आइकेयरबीच बैंकका ग्राहकलाई विशेष छुट दिने सम्झौता भएको हो । सम्झौताअनुसार उक्त अस्पतालको विभिन्न सेवामा १० प्रतिशतसम्मको छुट पाउने जनाइएको छ ।

सम्झौता लागू भए संगै बैंकका सम्पूर्ण ग्राहक, कार्ड प्रयोगकर्ताका साथै कर्मचारी र तिनका पारिवारिक सदस्यले उक्त आँखा अस्पताल तथा भारतमा रहेको एक सय ४० शाखाबाट समेत सर्जरी प्रोस्युडर, बैंकका कर्मचारीको माइनर इन्भेस्टिगेसन, अप्टिकल्समा १० प्रतिशत छुट पाउने बैंकले जनाएको छ ।

साथै, पहिलोपटक रजिस्ट्रेसन तथा ओपिडी शुल्क नलाग्ने र एकपटकका लागि १५ दिनभित्रको फलोअपसमेत निःशुल्क हुने जनाइएको छ । हस्ताक्षर कार्यक्रममा बैंकका नायब महाप्रबन्धक गौरव कुमार, बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्पराज उप्रेती, बजार अधिकृत एलिना कार्की तथा अस्पतालका व्यापार प्रवर्द्धन प्रबन्धक सञ्जीवकुमार ठाकुरको उपस्थिति रहेको बैंकले जनाएको छ ।

बैंकले हाल देशभरमा एक सय २८ शाखा, ३ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक सय ६४ एटिएममार्फत सेवा दिइरहेको जनाएको छ ।

● अल्टिमा लाइफस्टाइलको कारोबार बढ्यो

नेपाली एसेसरिज ब्रान्ड अल्टिमा लाइफस्टाइलले सन् २०२२ को तुलनामा सन् २०२३ मा ७ सय प्रतिशतले कारोबार वृद्धि गरेको छ । यस वर्ष दुई सफल अभियान र नौ नयाँ उत्पादन सार्वजनिक गरेलगत्तै अल्टिमा लाइफस्टाइलले पछिल्लो समय नेपाली बजारमा विशिष्ट स्थान बनाउँदै गएको हो ।

आफ्नो कारोबार बढाउँदै अल्टिमाले यस वर्षको 'दराज सेलर समिट २०२३' मा 'सेलर अफ द इयर २०२३' अवार्ड पाएको जनाइएको छ । प्रमुख छनोट मापदण्डमा जोड दिँदै यो अवार्डले दराज मार्केट प्लेसमा उत्कृष्ट प्रदर्शन र योगदानलाई मान्यता दिएको कम्पनीको दाबी छ । आफ्नो उल्लेखनीय बिक्री आँकडा, ग्राहक सन्तुष्टि र उत्पादन गुणस्तरका कारण धेरै प्रतिस्पर्धीबीच अल्टिमा लाइफस्टाइल माथि उठेको कम्पनीले जनाएको छ ।

अल्टिमाले सन् २०२२ फेब्रुअरीदेखि दराजयात्रा सुरू गरेको जनाइएको छ । कम्पनीले यही वर्ष आफ्नो अफिसियल वेबसाइट पनि सुरू गरेको थियो । छोटो अवधिमा अल्टिमाले सबै विधामा जम्मा १९ हजारभन्दा बढी विक्रेतामध्ये उत्कृष्ट रही यो उपाधि जितेको उल्लेख छ । साथै, नोभेम्बरमा दराजमा सबैभन्दा धेरै बिक्री गरेको रेकर्ड पनि राख्न सफल भएको कम्पनीको भनाइ छ । सन् २०२४ मा यो नेपाली ब्रान्डले दराजमा मात्रै ५ सय प्रतिशतभन्दा बढी बिक्री वृद्धि गर्ने अनुमान गरेको उल्लेख छ । आउँदा दिनमा अझै केही नयाँ क्याटेगरीहरू आरम्भ हुने कम्पनीले जनाएको छ । हाल टिडब्लुएस, स्मार्ट वाच, पावर ब्यांक र स्पिकर बजारमा उपलब्ध गराउँदै आएको छ ।

● सातै प्रदेशमा ग्लोबल आइएमईको रक्तदान

ग्लोबल आइएमई बैंक लिमिटेडले १७औं वार्षिकोत्सवको अवसर पारेर देशका सातै प्रदेशमा एकैसाथ बृहत् रक्तदान कार्यक्रम आयोजना गरेको छ । बैंकले मंगलबार स्थापनाको १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसर पारेर रक्तदानका साथै निःशुल्क आँखा जाँच, रक्तचाप परीक्षण, मधुमेह परीक्षणलगायतको कार्यक्रम गरेको हो ।

बैंकले कोशी प्रदेशको सुनसरीमा रहेको इटहरी शाखा, मधेश प्रदेशको सिराहामा रहेको गोलबजार शाखा, बागमती प्रदेशको काठमाडौंमा रहेको कान्तिपथ र चितवनमा रहेको नारायणगढ शाखा, गण्डकी प्रदेशको कास्कीमा रहेको पोखरा न्युरोड शाखा, लुम्बिनी प्रदेशको रूपन्देहीमा रहेको बुटवल मिलनचोक शाखा र बाँकेको नेपालगन्ज शाखा, कर्णाली प्रदेशको सुर्खेतमा रहेको वीरेन्द्रनगर सुर्खेत शाखा र सुदूरपश्चिम प्रदेशको कैलालीमा रहेको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरेको जनाएको छ ।

रक्तदान कार्यक्रमबाट देशभरमा कुल नौ सय २७ युनिट रगत संकलन भएको उल्लेख छ । कार्यक्रममा निःशुल्क सात सय ८३ जनाको आँखा जाँच तथा एक हजार ४८ जनाको रक्तचाप तथा मधुमेह परीक्षण तथा परामर्श प्रदान गरिएको बैंकले जनाएको छ ।

● तरकारी फलफूल साकोसको लाभांश पारित

तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यलाई १५.५ प्रतिशत लाभांश वितरण गर्ने भएको छ । संस्थाको २४औं साधारणसभाले उक्त प्रस्ताव पारित गरेको हो । तरकारी फलफूल साकोस कालीमाटी फलफूल तथा तरकारी बजारका व्यापारी-व्यवसायीले सञ्चालन गर्दै आएको सहकारी हो ।

संस्थाका अध्यक्ष दुर्गालाल श्रेष्ठका अनुसार आर्थिक वर्ष ०७९/८० को अन्त्यसम्म उक्त सहकारीले ४६ करोड एक लाख ९८ हजार आठ सय ४२ रूपैयाँ ऋण लगानी गरेको छ । यस्तै, सोही अवधिमा तीन करोड ५४ लाख ६ हजार दुई सय ५४ रूपैयाँ सञ्चालन मुनाफा छ भने १० करोड ९३ लाख ३४ हजार दुई सय ५९ रूपैयाँ जगेडा तथा अन्य कोषमा छुट्याएको छ ।

साधारणसभामा सदस्यका २२ जना बालबालिकालाई एसइई अवार्ड वितरण गरिएको व्यवस्थापक सृष्टि श्रेष्ठले जानकारी दिइन् । प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाले उद्घाटन गरेको कार्यक्रममा सहकारी विभागका पूर्वरजिस्ट्रार केशवबहादुर थापा र वरिष्ठ बजारविज्ञ उद्धव ढुंगानालाई सम्मान गरिएको थियो ।

त्यसैगरी, असल बचतकर्ता अवार्डबाट कविता श्रेष्ठ, विन्दुलाल श्रेष्ठ, लक्ष्मण श्रेष्ठ र आकृति लामा, असल ऋणी सम्मानबाट सुनीता गोपाली, भरतप्रसाद पुडासैनी, मदन श्रेष्ठ र प्रसिद्धा स्याङ्तानलाई सम्मान गरिएको थियो । बजार प्रतिनिधिका रूपमा कार्यरत कर्मचारी मन्दिरा बिडारीलाई नगद पुरस्कारसहित उत्कृष्ट कर्मचारी अवार्ड प्रदान गरिएको थियो ।

● टिभिएस आइक्युबको नेपालमा एक लाख किलोमिटर पूरा

टिभिएसको विद्युतीय स्कुटर आइक्युबले नेपालमा एक लाख किलोमिटरको यात्रा पूरा गरेको छ । नेपालका लागि टिभिएस मोटरको आधिकारिक वितरक जगदम्बा मोटर्सले आफ्नो नयाँ इलेक्ट्रिक स्कुटर टिभिएस आइक्युबले एक लाख किलोमिटरको यात्रा सम्पन्न भएको जानकारी दिएको हो ।

सिंगल चार्जमा नै धेरैभन्दा धेरै माइलेज दिने दाबी गरिएको यो स्कुटर राइडिङ कम्फर्ट, इको फ्रेन्डलिनेस, आकर्षक मूल्यजस्ता विशेषताले गर्दा लन्च भएको चार महिनाभन्दा कम समयमा नै यो उपलब्धि हासिल गर्न सफल भएको कम्पनीको भनाइ छ । यो ग्रिन रिभोलुसन राइडमा अन्य पेट्रोल स्कुटर राइडको तुलनामा तीन हजार पाँच सय किलो कम कार्बनडाइअक्साइड उत्पादन भएको कम्पनीले दाबी गरेको छ । यो करिब एक सय ७५ वटा रूख रोपेबराबर हुने कम्पनीले जनाएको छ । साथै, अन्य पेट्रोल स्कुटर राइडको तुलनामा लगभग दुई सय ५० लिटर कम इन्धन खपत भएको कम्पनीको भनाइ छ । सम्रगमा ग्राहकको इन्धन लागतमा चार लाख ६० हजार रूपैयाँ बचत भएको कम्पनीले जनाएको छ ।

विश्वव्यापी रूपमा टिभिएस आइक्युब दुई लाख २५ हजारवटा बिक्री भइसकेको कम्पनीको भनाइ छ । यी स्कुटरहरू एक अर्ब २५ करोड किलोमिटरभन्दा बढी दूरी गुड्दा यसले एक करोड ५० लाख लिटर इन्धन बचत गरेको र ४३ हजार सात सय ६५ टन कार्बन उत्सर्जन घटाएको कम्पनीको दाबी छ । टिभिएस आइक्युबले सिंगल चार्जमा एक सय किलोमिटर रेन्ज प्रदान गर्ने जनाइएको छ । ४.६ किलोवाट हब माउन्टेड मोटरद्वारा सञ्चालित यो स्कुटरले ७० किलोमिटर प्रतिघण्टाको टप स्पिड दिनुका साथै मात्र ४.२ सेकेन्डमा ०-४० किलोमिटर प्रतिघण्टासम्म एक्सेलेरेसन दिने उल्लेख छ ।

एक लाख किलोमिटरको कोसेढुंगा पार गरेको अवसर पारेर टिभिएस मोटर कम्पनीले जगदम्बा मोटर्स प्रालिको सहकार्यमा टिभिएस आइक्युबका ग्राहकसँग ग्रिन रेभोलुसन राइड सञ्चालन गर्दै मनाएको जनाइएको छ । नक्सालको टिभिएस सोरूमबाट सुरू भई भक्तपुरमा समाप्त भएको राइडमा ३० जना राइडरको सहभागिता रहेको थियो ।

● सिएनआई र एमच्यामबीच लगानी बढाउन सहकार्य गर्ने सम्झौता

नेपाल उद्योग परिसंघ (सिएनआई) र अमेरिकन चेम्बर अफ कमर्स (एमच्याम)बीच लगानी अभिवृद्धि तथा नेपाल-अमेरिकाबीच व्यावसायिक वातावरण सुदृढ गर्न र सहकार्य गर्न सम्झौता भएको छ । परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र अमेरिकन चेम्बर अफ कमर्सका अध्यक्ष निर्मलकाजी श्रेष्ठले मंगलबार सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार दुई संस्थाल नेपाल-अमेरिकाका उद्यमीबीच सम्पर्क बिन्दुका रूपमा काम गर्नेछन् । साथै, संस्थाले नेपालमा लगानी गर्न इच्छुक अमेरिकी लगानीकर्तालाई लगानीसम्बन्धी जानकारी दिने, पारस्परिक उद्देश्य पूरा गर्न नीतिगत सुधारको वकालत गर्ने कार्यमा सहकार्य गर्ने र नेपालमा अमेरिकी लगानी बढाउन रणनीति सञ्चालन गर्नेछन् । बजारमा आधारित वित्तीय र गैरवित्तीय सेवामा पहुँच बढाउन आइटी क्षेत्रका लागि लगानी र व्यवसाय वातावरण सुधारमा काम गर्ने पनि सम्झौतापत्रमा उल्लेख छ ।

परिसंघ अध्यक्ष अग्रवालले यो सहकार्यले नेपाल र अमेरिकालाई व्यावसायिक रूपमा जोड्न पुलका रूपमा काम गर्ने बताए । 'सम्झौतापछिको सहकार्यले ज्ञान र सीपका आदानप्रदान, नवप्रवर्तन तथा नयाँ सहकार्यका बाटो खुला गर्ने, विश्वव्यापी बजारमा प्रतिस्पर्धा गर्ने, विदेशी लगानी आकर्षित गर्न औद्योगिक विकासका लागि योगदान गर्न मद्दत गर्छ,' अध्यक्ष अग्रवालले भने ।

त्यस्तै, एमच्यामका अध्यक्ष श्रेष्ठले उद्योगीहरूको साझा संस्था परिसंघको सहकार्यले अमेरिकी लगानी अभिवृद्धि गर्दै मुलुकको अर्थतन्त्र विकासका लागि प्रभावकारी रूपमा काम गर्ने बताए ।

● महालक्ष्मी विकास बैंकका ग्राहकले आठ संस्थामा छुट पाउने

महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, होटेल तथा रेस्टुरेन्ट क्षेत्रका विभिन्न आठ संस्थाहरूसँग छुटसम्बन्धी सम्झौता गरेको छ । बैंकले आफ्ना ग्राहकले धेरैभन्दा धेरै स्थानमा छुट सेवा प्राप्त गरून् भन्ने उद्देश्यसहित सम्झौता गरेको हो । सम्झौताअनुसार उक्त बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले उक्त संस्थाका विभिन्न सेवामा विशेष छुट पाउने जनाइएको छ । जसअनुसार मकवानपुरको हेटौंडामा रहेको भुँग्रो थकाली रेस्टुरेन्टमा १० प्रतिशत छुट पाउने जनाइएको छ ।

त्यस्तै, हेटौंडामै रहेको पल्पसा प्रदेशी होम प्रालिको खाना तथा पेयमा १० प्रतिशत, हेटौंडाकै क्विक ट्वान्टी हाउस होटेलको खाद्य तथा पेयमा १० प्रतिशत र कोठा शुल्कमा १५ प्रतिशत छुट पाउने जनाइएको छ । हेटौंडाकै हिमालयन स्विट एन्ड बेधरीको बेकरी, स्विट्स एन्ड रेस्टुरेन्ट आइटममा पनि छुट पाउने बैंकले जनाएको छ ।

त्यस्तै, काठमाडौंको महाराजगन्जमा रहेको एजिलस डाइग्नोस्टिक नेपाल प्रालिमा सबैप्रकारको परीक्षणमा १५ प्रतिशत छुट पाउने उल्लेख छ । काठमाडौंकै न्युरोडमा रहेको एन्जल ज्वेलरिज प्रालिमा सुनको गहना बनाउँदा ज्यालामा ४० प्रतिशत तथा सुन्धारामा रहेको एक्सप्रेस म्याग्दी होटेल प्रालिको सबै प्रकारको सेवामा १० प्रतिशत छुट पाउने जनाइएको छ ।

भैरहवाको गाउँले चुलो भैरहवा प्रालिमा खाना तथा खाजामा १० प्रतिशत छुट पाउने बैंकले जनाएको छ । यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने बैंकले विश्वास व्यक्त गरेको छ ।

● लुम्बिनी एक्स्पोमा ५० करोडको कारोबार

रूपन्देही व्यापार संघको आयोजनामा बुटवलमा जारी लुम्बिनी एक्स्पो ०८०, अन्तर्राष्ट्रिय व्यापार मेला ५० करोडको कारोबार गर्दै सकिएको छ । 'स्वरोजगार आत्मनिर्भरता हाम्रो आधार, सहरदेखि गाउँसम्म व्यापार विस्तार' भन्ने मूल नाराका साथ यही पुस ५ गतेदेखि १८ गतेसम्म जारी एक्स्पो बुधबार एक विशेष कार्यक्रमबीच समापन गरिएको छ । मेलामा १० लाख दर्शकले अवलोकन गरेको आयोजकले बताएका छन् ।

प्रदर्शनी मूल आयोजक समितिका संयोजक तथा रूपन्देही व्यापार संघका अध्यक्ष कृष्णप्रसाद घिमिरेले एक्स्पो यस क्षेत्रका लागि एक पहिचान र उत्सव नै बनेको बताउँदै आयोजना सफल बनाउन तयारीदेखि समापनसम्म प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गरे । अध्यक्ष घिमिरेले राजधानीबाहिर निर्माण हुँदै गरेको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा आधुनिक डिजाइनमा ऐतिहासिक रूपमा एक्स्पो सम्पन्न भएको र एक्स्पोमा संघले राखेको दर्शक र कारोबारको लक्ष्य पूरा भएको बताए । समापन समारोहमा प्रदर्शनीमा सहभागी स्टलको मूल्यांकन गरी पुरस्कृत गरिएको थियो । कार्यक्रममा लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री लीला गिरी र मेला मूल समितिका संयोजक कृष्णप्रसाद घिमिरेले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले आर्थिक गतिविधि बढाउन यस प्रकारका मेला प्रदर्शनीलाई स्थानीय सरकारले सधैं साथ दिने बताए ।

गृहमन्त्री र...

युवाहरूले विरोध प्रदर्शन गरिरहेका सूचना सरकारलाई र श्रम तथा रोजगार मन्त्रालयलाई थियो । तर भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वालाले आफूलाई विरोध प्रदर्शन भएको जानकारी नभएको भन्ने गैरजिम्मेवारिपूर्वक अभिव्यक्ति दिएका र आफ्नो कुनै गल्ती नभएको बताएका भए पनि राज्य व्यवस्था तथा सुशासन समितिले मन्त्री ज्वालामाथि समेत छानविन गर्न सरकारलाई निर्देशन दिएको छ । घटना भएको दिन मन्त्री ज्वालाले दिएको अभिव्यक्ति र भोलिपल्ट दिएको अभिव्यक्ति परस्पर विरोधी रहेका छ । बेरोजगार यवाहरूले गरेको विरोध प्रदर्शनलाई प्रधानमन्त्री पुष्पकमल दाहालले गणतन्त्रसँग जोडेर त्यो विरोध प्रदर्शन गणतन्त्रकै विरोधका लागि भएको हो भन्ने अभिव्यक्ति दिनु किमार्थ उचित होइन ।

प्रधानमन्त्री दाहालले आफ्नो असफलता र अकर्मण्यता लुकाउन र आफैँले बनाएको उच्चस्तरीय छानविन समितिलाई प्रभाव पारेर घटनालाई अर्कोतिर मोड्ने प्रयास गर्नुभएको छ । प्रधानमन्त्री दाहालले आफैँ भनेका छन् निराशा बाँड्नेहरू राष्ट्रवादी हुन सक्दैनन् भनेर । प्रधानमन्त्री ज्यू तपाईले आफ्नो एकवषे कार्यकालमा जनतालाई निराशा बाँड्नु बाहेक जनताको हितमा के गर्नुभयो ? तपाई आफैँले आफूलाई राष्ट्रवादी नभएको स्वीकार गर्नु भएको होइन र ?

प्रधानमन्त्री दाहालले बालकुमारीमा भएको घटना बाहिर देखिएको जस्तो नभएको आशंका गरेका छन् । यदि त्यसो हो भने गृहमन्त्री र प्रहरी महानिरीक्षकले किन मन्त्री ज्वाला त्यहाँ पुगेका हुनाले घटना भयो भनेर राज्य व्यवस्था तथा सुशासन समितिमा बयान दिए त ? गृहमन्त्री र प्रहरी महानिरीक्षक बसन्त कुँवरलाई तपाई के कारबाही गर्नुहुन्छ त ? रोजगारी माग्ने युवालाई विना चेतावनी गोली हानेर तपाईको सरकारले मारेको होइन र ? घटना पछिका अभिव्यक्ति तथा प्रचारबाट गम्भीर हुनुपर्ने तपाईले बताउनुभएको छ । केही चिज गम्भीर लागेको छ यो सामान्य होइन, २ युवकको जस्तो परिवेशमा जसरी हत्या भएको छ, इपीएसमा जे जस्ता गतिविधि भएका छन्, गाडी जलाउने गतिविधि छ, चीज त्यस्तो छ जस्तो देखिएको छ भनेर तपाईले हत्या भएको स्वीकार गर्नुभएको छ भने जस्तो देखिएको छ, त्यस्तो छैन भने कस्तो हो त ? त्यसको जवाफ जनतालाई तपाईको सरकारले किन दिन नपर्ने ? आवेशमा ल्याउने कार्य मन्त्री त्यहाँ पुगेकै कारण भएको हो । मन्त्रीले त्यहाँ युवासँग सवाल जवाफ समेत गरेको भिडियो बाटै प्रष्ट हुन्छ । राजनीतिक दलका शिर्ष नेताहरू र सरकारकै कारण जनता रूष्ट हुँदै आएका छन् । त्यसमा पनि तपाईकै नेतृत्वको सरकारले गत मंसिरमा दुर्गा प्रसाईको नेतृत्वमा भएको आन्दोलनका समर्थकहरू माथि गरेको व्यवहार पनि जनताले देखिसकेका छन् । आफ्नो सरकारको विरोध हुने डरले गर्दा मन्त्रीक्वाटर लगायतका क्षेत्रमा ६ महिनाको लागि निषेधित क्षेत्र घोषणा गरेर तपाईको सरकारले इतिहास कायम गरेको छ ।

तपाईसहित शेरबहादुर देउवा, माधव नेपाल लगायतले माइतीघर मण्डलामा बसेर हामी यहाँ छौँ, ओली सरकार कहाँ छ भनेर नारा लगाउन हुने अनि अहिले जनताले माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्न नपाउने ? सर्बोच्च अदालतले समेत माइतीघर मण्डलामा विरोध प्रर्दशन गर्न रोक नलगाउनु भन्ने आदेश दिएकोमा त्यो आदेशलाई अस्वीकार गर्दै तपाईको सरकारले अदालतको आदेशलाई उल्लंघन गरेको छ अनि जनतालाई भने सरकारको आदेश मान्न भने अधिकार तपाईसँग रहेन ।

तपाईकै नेतृत्वको सरकारबाटै गणतन्त्रलाई खतरा रहेको छ । जनताबाट होइन जनताले सत्ता मागेका छैनन् आफूलाई आवश्यक पर्ने सेवा सुविधा र युवाले रोजगारी मागेका छन् । एकवर्षे तपाईको कार्यकालमा कति रोजगारी बढाउनुभयो ? आफ्नो असफलता र अकर्मण्यता लुकाउनको लागि गणतन्त्रमाथि नै खतरा रहेको बताएर आफ्नो असफलता र अकर्मण्यता लुकाउन सकिँदैन बालकुमारी घटना प्रकरणमा गठन भएका दुवै छानविन समितिले दिने प्रतिवेदन पनि आखिरी दराजमै राखिने त होलान् नि ? गृहमन्त्री र प्रहरी महानिरीक्षकले मन्त्री त्यहाँ गएकै कारण घटना भएको हो भनि समितिमा बयान दिईसकेको हुनाले मन्त्री ज्वालालाई बर्खास्त गन तपाईलाई कस्ले रोकेको छ ?

आफ्नो सत्ता बचाई राख्न आफ्नै गृहमन्त्री र प्रहरी महानिरीक्षकको भनाईलाई पनि तपाईले पत्याउन सक्नु भएन ? त्यसैले गृहमन्त्री र प्रहरी महानिरीक्षक कुँवरलाई समेत अब उनीहरूसमेत गणतन्त्रकै विरोधमा लागे भनेर भन्न सक्नुहुन्छ त ? प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी महानिरीक्षक कै कुराहरू बाझिएका र प्रधानमन्त्रीले गणतन्त्र नै खतरामा रहेको अभिव्यक्ति दिएर सत्तामा बसिरहनुको औचित्य रहेन । गणतन्त्र त तपाईहरूकै क्रियाकलापले गर्दा खतरामा पर्दै गएको सत्य वास्तविकता हो । त्यसैले गणतन्त्र बचाउनैका लागि तपाईले राजिनामा दिएकै बेश ।

बालकुमारी...

चार्ज नै नगरी एक्कासी हवाई फायर र गोली चलाएको थियो ।

हवाई फायर र गोली चलाउनु अघि प्रदर्शनकारीहरू भागभाग गरी रहेको देख्दादेख्दै सम्बन्धित प्रहरी अधिकारीले गोली चलाउने आदेश दिनु र भाग्दै गरेका प्रदर्शनकारीहरूलाई निर्घात कुटपिट गर्न र गोली चलाउनु प्रहरीको क्रुरतापूर्ण व्यवहार हो । गोली चलाउने आदेश दिने ललितपुर जिल्लाका सिडियो र प्रहरी प्रमुख नै यस घटनाका जिम्मेवार हुन् । प्रदर्शन स्थलमा रहेका डिएसपीले समेत घटनाको सामान्य आंकलन नै नगरी प्रदर्शन स्थलमा रहेको प्रहरीलाई गोली चलाउनु आदेश दिनुले उनीपनि घटनाको जिम्मेवार पात्र रहेका छन् ।

गृह मन्त्रालयले घटनाको छानविन गर्न उपत्यकाका प्रहरीका डिआइजीको नेतृत्वमो ३ सदस्यीय समिति बनाएको छ । सो समितिमा ललितपुर जिल्ला प्रशासन कार्यालयका सहायक सिडियो र राष्ट्रिय अनुसन्धान विभागका उपनिर्देशक एसपीलाई राखिएको हुनाले घटनाको निष्पक्ष छानविन हुन सक्दैन । आफैँ हाकिम, सिडियो विरूद्ध सहायक सिडियोले कारबाही प्रतिवेदन बनाउन नसकने भएकाले गर्दाउक्त घटनाको निष्पक्ष छानविन गर्नका लागि गृहमन्त्री नारायणकाजी श्रेष्ठ यातायातमन्त्री प्रकाश ज्वालाले तत्काल राजिनामा दिएर छानविनको बाटो खोलिदिनु उपर्युक्त हुनेछ ।

प्रहरीहरूको क्रुरता देख्दा नेपालका प्रहरीहरू जनता मार्नैका लागि उद्दत रहेको जस्तो देखिएकाले गर्दा प्रहरीको व्यवहारमा समेत परिवर्तन ल्याउनुपर्ने आवश्यकता देखिएको छ । यो घटनालाई सामान्य रूपमा लिएर पुष्पकमल दाहाल सरकार अघि बढेको खण्डमा यसले बिकराल रूप लिन सक्ने सम्भावना समेत देखिएको छ ।

मन्त्री ज्वालाको...

समितिले सम्बन्धित साना दर्जाका प्रहरी तथा कर्मचारीहरूलाई मात्र निलम्बन गरेर समस्याको समाधान हुन नसक्ने र काम गर्नेको मनोबल नगर्ने गरी न्योचित समाधान गर्न सरकारलाई निर्देशन दिएको छ । समितिले त्यस प्रकरणमा जवाफ दिन गृहमन्त्री नारायणकाजी श्रेष्ठ र नेपाल प्रहरीका महानिरीक्षक बसन्त बहादुर कुँवरलाई बोलाएको थियो । सो बैठकले नेकपा एमालेका सांसदले सो घटनाको जिम्मा लिँदै उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले राजिनमा दिनुपर्ने माग गरेका थिए । सांसदहरूको प्रश्नको उत्तर दिँदै गृहमन्त्री श्रेष्ठले मृतकका परिवारलाई थप राहत दिने, एकजनालाई रोजगारी दिने र निधन भएका युवाहरूलाई सहिद घोषणा गर्ने बताएका थिए ।

सो घटना प्रकरणमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रीमाथि समेत छानविन आवश्यक रहेको छ । मन्त्री प्रकाश ज्वालाले पुस १३ गते भएको घटनामा अलग अलग बयान दिएका र आफूलाई त्यहाँ विरोध प्रदर्शन भै रहेको छ भने जानकारी समेत नभएको बताएर आफू निर्दोष रहेको बताएका भएपनि त्यसलाई पत्याउन सकिने आधार देखिँदैन । नेकपा एकीकृत समाजवादी पार्टीको अध्यक्ष माधव नेपालले आफ्नो पार्टीको नेतामाथि अनावश्यक आरोप लगाएको बताएर मन्त्री ज्वालालाई बचाउने प्रयास गर्नुको बदला सत्य तथ्य बाहिर ल्याएर निधन भएका २ युवाको आत्मको चीर शान्तिको लागि कामना गर्नुका लागि भएपनि मन्त्री ज्वालालाई राजिनामा गराउनु नै उपर्युक्त हुनेछ । गृहमन्त्री र प्रहरी महानिरीक्षकको भनाईलाई स्मरण गर्दै मन्त्री ज्वालाले तत्काल राजिनामा दिएर छानविन सहयोग गर्न उपयुक्त कदम हो ।

सुशासनको...

दाहला सरकारको निर्णयलाई स्वीकार नगरेको हुनाले दाहाल सरकार उच्चस्तरीय न्यायिक समित बनाउन बाध्य भयो । गोली हानेर लास बनाउने अनि १०/१० लाख रूपैँया दिने औपचारिकता पूरा गर्दैमा सकारात्मक भाष्य पूरा हुन सक्दैन समस्याको जरोमा पुगेर सत्य तथ्य जनतसामु ल्यान सरकार पहिले नै चुकेको थियो । पछि न्यायिक समिति बनाउने निर्णयले सरकार समस्याको जरोमा पुग्न खोजेको हो कि जस्तो देखिएको छ ।

दाहाल सरकार पटक पटक सुशासनको मामिलामा चुक्दै आएको छ । प्रधानमन्त्रीले चाहेका भए सुशासनका पक्षमा सम्पत्ति छानविन गर्न उच्चस्तरीय न्यायिक समिति बनाउन सक्थे । उनले चुनाव अघि २०४६ सालपछि लाभका पदमा बसेका राजनीतिज्ञ र उच्च तहका कर्मचारीहरूको सम्पत्ति छानविन गर्न शक्तिशाली उचस्तरीय आयोग बनाउने उद्घोष समेत गरेका थिए तर अहिलेसम्म उनले त्यस विषयमा एक शब्दसम्म बोल्न सकेका छैनन् । त्यसको एउटै कारण हो आफ्नो सम्पत्ति जोगाउने खेल । पहिलो पटक दाहाल प्रधानमन्त्री हुँदा आफूसँग १ तोल सुन र श्रीमतीका नाममा चितवना एक कट्टा जमिनमात्र रहेको सम्पत्तिविवरण मन्त्रिपरिषद् को कार्यकालयमा बुझाएका थिए भने पछिल्लो पटक प्रधानमन्त्री बनेको एक वर्षसम्म सम्पत्ति विवरण समेत सार्वजनिक नगरेका र नातिनीको विवाहमा करोडौँ करोड खर्च गर्ने रकम दाहालसँग कहाँबाट आयो भन्ने प्रश्न उठेपछि उनले सुशासनको नारालाई आफैँतिर फर्किने डरले पन्छाउन थालेका चर्चा चल्न थालेको छ ।

प्रधानमन्त्री...

उत्तर सांसदहरूलाई दिएका छन् । यसरी प्रधानमन्त्री एउटा कुरा बोल्ने र गृहमन्त्रीले अर्को कुरा बोल्नुले गर्दा को ठिक हुन् भन्ने प्रश्न समेत उठेको छ ।

संसदीय समितिमा उपस्थित भएका नेपाल प्रहरीका महानिरीक्षक बसन्त बहादुर कुँवरले समेत मन्त्री ज्वालाकै कारण त्यस्तो अप्रिय घटना घटेको बताएका थिए । सांसदहरूले समेत मन्त्री ज्वाला त्यहाँ पुग्नु नै शंकास्पद रहेका बताउँदै उनीमाथि समेत छानविन हुनुपर्ने र उनले तत्काल राजिनामा दिनुपर्ने बताएका थिए ।

प्रधानमन्त्री दाहालले मन्त्रीलाई गाडीमै जलाउनुपर्दथ्यो भन्ने जस्ता र प्रमुख पार्टीका नेताहरूलाई लक्षित गरेर गरिएका टिप्पणी अस्वाभाविक बताएका भएपनि जनतालाई सेवा सुविधा नदिने र सत्तालाई आफ्नो कमाई खाने भाँडोको रूपमा प्रयोग गर्ने गरेको र गणतन्त्रले सबै कुरा दिन्छ भन्ने गलत भाष्य प्रयोग गरेर जनतालाई भ्रममा राखेको हुनाले जनता सडकमा उत्रनु बाध्य भएको स्वीकार गर्नुको बदला विदेशमा रोजगारीमा जान पाउनुपर्दछ भन्ने निहथा जनतामाथि गोली चलाउनु र हत्या समेत गर्न कहाँ सम्मको न्याय हो ? आफ्नो असफलता र अकर्मण्यता लुकाउनका लागि फेरी झुठमाथि झुठ बोल्ने प्रधानमन्त्री दाहालको सुध्रिएको प्रवृत्ति र क्रमभङ्ग यही हो त ?

आफ्नो गल्तीलाई सुधार गर्नुको बदला बालकुमारी प्रकरणमा भएको घटना लोकतन्त्र र गणतन्त्रको विरूद्धको डिजाइन हुन सक्ने अभिव्यक्ति दिएर प्रधानमन्त्री दाहालले चोरको खुट्टा काट् भन्दा खुट्टा नै लुकाएको जस्तो उखानलाई चरितार्थ गरेका छन् । गृहमन्त्री र प्रहरी महानिरीक्षको भनाई एकातिर अनि प्रधानमन्त्रीको भनाई अर्कोतिर हुनुको अर्थ के हुन सक्छ ?

गठबन्धनले...

बढाउने बताएर २ वटा समिति दिएपनि पछि बहानावाजी गरेको बताएका थिए ।

यद्यपि चार दलबिचको एकतामा असर नगर्ने गरी राष्ट्रियसभामा एमालेलाई पनि सँगै लैजान सकिनेमा नेताहरूले जोड दिएका थिए ।

नेवानिको ग्राउन्ड ह्यान्डलिङ नखोसिने

काठमाडौं । उनले निगमबाट ग्राउन्ड ह्यान्डलिङ खोस्ने कोसिस नगर्न पनि क्यानलाई चेतावनी दिँदै कुनै पनि हालतमा निगमबाट ग्राउन्ड ह्यान्डलिङ नखोसिने बताए । 'ग्राउन्ड ह्यान्डलिङ प्रधानमन्त्रीको सरोकारको विषय हो, सबै ठूला राजनीतिक दलको सरोकारको विषय हो,' मन्त्री किराँतीले भने, 'निगमलाई ग्राउन्ड ह्यान्डलिङ दिने कि नदिने भन्ने विषयमा अनावश्यक कोकोहोलो गर्न आजैदेखि बन्द गर्नुहोस् ।'

मन्त्री किराँतीले वायुसेवा निगम डुबिसकेको पनि स्वीकार गरे । 'निगमको जीवन नै ग्राउन्ड ह्यान्डलिङ भएको छ । निगम डुब्यो त डुब्यो, मैले आएर डुबाएको हुँ र ?' उनले भने, 'देशलाई वायुसेवा निगम चाहिन्छ, निगमलाई बचाउन ग्राउन्ड ह्यान्डलिङ चाहिन्छ, यही हो बटमलाइन ।' सरकारले अर्को निर्णय नगरून्जेल कसैले यस विषयमा बोलेमा नेतृत्वमाथिको हस्तक्षेप मानिने र त्यो सह्य नहुने पनि किराँतीले चेतावनी दिए । उनले भने, 'यति भनेपछि पनि फेरि यही कुरा उठाइरहेमा राम्रो हुँदैन, बुझ्नुहोला ।'

निगमले देशका तीनवटै अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउन्ड ह्यान्डलिङ सेवा प्रदान गर्दै आइरहेको छ । निगमले गुणस्तरीय सेवा दिन नसकेको भन्दै क्यानले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउन्ड ह्यान्डलिङका लागि प्रतिस्पर्धामार्फत सक्षम र अनुभवी कम्पनी भित्र्याउने योजना बनाएको छ । निगमको सेवाप्रति यात्रु मात्र होइन, अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरू पनि सन्तुष्ट नभएको, विमानस्थलमा यात्रुहरूको ब्यागेज चोरी हुने तथा जहाज उडाएर आम्दानी गर्नुपर्नेमा निगम नेतृत्व ग्राउन्ड ह्यान्डलिङ सेवाको आम्दानीमै रमाएर बसेको आरोप लाग्दै आएको छ ।

सत्ताको...

भएपनि सरकारबाट पार्टी फिर्ता हुने बारेमा भने मौन रहेका थिए ।

बैठकमा माघ ११ गते हुने राष्ट्रियसभाको निर्वाचनमा उम्मेदवार बनाउँदा अहिलेसम्म अवसर पाएको निर्वाचनमा पराजित भएका र समानुपातिक कोटामा रहेका व्यक्तिहरूलाई उम्मेदवार बनाउनु नहुने बताएका भएपनि त्यो केबल जनतालाई देखाउनैका लागि मात्र भएको कांग्रेसका एक नेताले बताएका छन् ।

तल्लो तहबाट उम्मेदवारका लागि सिफारिस भएर आएका नामहरूलाई संसदीय समितिमा लैजाने कांग्रेसले निर्णय गरेको छ । अब कांग्रेसका उम्मेदवारको चयन संसदीय समितिले गर्ने भएको छ । संसदीय समितिमा समेत संस्थापन पक्ष र इतर पक्ष भएकाले गर्दा उम्मेदवार चयनमा पनि भागवण्डा लाग्ने निश्चित जस्तै देखिएको छ ।

पुष्पकमल दाहालले मन्त्रिपरिषद्को हेरफेर गर्ने उद्घोष गरेका भएपनि कांग्रेसले फागुन ७-१० गतेसम्म महासमितिको बैठक हुने भएकाले कांग्रेसबाट सरकारमा सहभागि भएका मन्त्रीहरू महासमितिको बैठक अघि परिवर्तन नगर्ने पक्षमा सभापति देउवा रहेकाले गर्दा तत्काल मन्त्रिपरिषद्मा हेरफेर हुन नसक्ने सम्भावना बढेर गएको छ ।

कांग्रेसले पुस १३ गते भएको बालकुमारी घटनालाई समेत सामान्य लिएको हुनाले कांग्रेसका तल्लो तहका कार्यकर्ताहरू भने असन्तुष्ट देखिएका भएपनि संस्थागत रूपमा कांग्रेसले घटनाको विरोध गर्न सकेको छैन । अहिले कांग्रेस सत्ताको बन्धक जस्तै बनेको छ । सरकारले गर्ने हरेक अपजसको भारी कांग्रेसले बोक्दै आएका भएपनि नेतृत्व भने फेरी प्रधानमन्त्री बन्न नपाउने आशामा लाग्दा कांग्रेस दिनप्रतिदिन आलोचनाको पात्र बन्दै गएको छ ।

मन्त्री ज्वालाकै...

आगो लगाएका थिए तर गोली १२ बजे भन्दा पहिला नै चलेको प्रदर्शनकारीहरूले बताएका छन् ।

प्रहरी महानिरीक्षक कुँवरले मन्त्रीलाई गाडी मै राखेर आगो लाग्न सक्ने अवस्थाले गर्दा प्रहरी आवेशमा आएको भन्दै गर्दा सांसदहरूले गृहमन्त्री श्रेष्ठलाई नैकिताका आधारमा राजिनामा दिन आग्रह गरेका थिए । सांसदहरूको आग्रहपछि गृहमन्त्री श्रेष्ठले मन्त्री प्रकाश ज्वाला कै कारण अप्रिय घटना भएको र २ युवाले ज्यान गुमाउनु परेको भन्दै आफूँ पन्छिने प्रयास गरेका थिए ।

पुष्पकमल दाहाल नेतृत्वको सरकारको अलिकति पनि नैतिकता बाँकी भएको भए मन्त्री ज्वालाले त्यसै दिन र प्रधानमन्त्रीले अहिलेसम्म राजिनामा दिइसक्नुपर्ने थियो तर केही प्रहरीहरूलाई दोष लगाएर प्रधानमन्त्री, गृहमन्त्री र मन्त्री ज्वाला उम्किने प्रयास गरिरहेका छन् ।

पञ्चायतकालमा सिंहदरबारमा आगो लाग्दा तत्कालिन प्रधानमन्त्री किर्तिनिधि विष्टले राजिनामा दिएका थिए भने दशरथ रंगशाला काण्डमा शिक्षा तथा खेलकूद मन्त्री रहेका केशम बहादुर विष्टले राजिनामा दिएका थिए । बहुदलीय व्यवस्थामै पनि मधेश टुक्रिन सक्छ भन्दा शरतसिंह भण्डारीले राजिनामा दिएका थिए तर अहिले गणतन्त्रमा कसैले जिम्मेवारी लिनु नपर्ने ? दिन दहाडै प्रहरीको गोली लागि रोजगारी माग्ने युवालाई हत्या गर्ने दाहाल सरकार र उनका मन्त्रीहरूलाई नैतिकताको पाठ सिकाउनुको कुनै अर्थ रहेन । मन्त्री ज्वाला नेकपा एसका नेता भएकाले उनका पार्टी अध्यक्ष माधव नेपाल समेत मौन रहनुको अर्थ के ? गणतन्त्रमा नैतिकता भन्ने चिज नै रहँदैन त ?

प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन ।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ ।
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार